**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-१ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-८, संख्या-१८, मिति - २०८१/०९/२९**

**भाग-१**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## मोदी गाउँपालिकाको स्थानिय वन ऐन २०८१

**प्रस्तावनाः**

नेपालको संविधानमा उल्लेखित वन माथीको स्थानिय सरकार र समुदायको अधिकारलाई व्यवहारिक रुपमा प्रत्याभूत गराउँदै वनको दिगो व्यवस्थापन र संरक्षणमा जिम्मेवार बनाउँदै वन स्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानिय सरकार र समुदायको आर्थिक, सामाजिक पर्यावरणीय र भौतिक लगायतका स्थानिय विकासको क्षेत्रमा महत्वपुर्ण योगदान पुर्याउँदै आर्थिक समृद्धि एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न ,जलबायु परिवर्तन न्यूनीकरण एवं अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्यापर्यटन एवं वन उद्यमको विकाम गर्न वन पैदावारको सदुपयोग र वनको व्यवस्थापन तथा उपयोग सम्बन्धी आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२६ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मोदी गाउँपालिकाको १६ औ गाउँसभाले यो ऐनको तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भि

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मोदी गाउँपालिकाको स्थानिय वन ऐन २०८१" रहेको छ ।

(२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशन भएको मितिबाट हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "वन" भन्नाले पुर्ण वा आंशिक रुपमा रुखहरुले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन धार्मिक वन शहरी वन ग्रामिण वन कृषी वन वृक्षारोपण सिमसार क्षेत्र प्रथाजनित रुपमा व्यवस्थापन गरिएको वन र पारिवारिक निजी वन समेतलाई जनाउँछ ।

ख "उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, सम्बर्द्धन, व्यवस्थापन र सदुपयोग गर्नका लागि दफा १२ बमोजिम गठन भई दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता ममूहलाई जनाउँदछ ।

(ग) "कबुलियती वन" भन्नाले दफा २६ बमोजिम व्यवस्थापन गरिने राष्ट्रिय बनलाई जनाउँदछ ।

(घ) "स्थानिय वन ऐन" भन्नाले यस मोदी गाउँपालिकाको सोह्रौ गाउँसभाले पारित गरेको स्थानिय वन ऐन सम्झनुपर्दछ ।

(घ) "गैरकाष्ठ वन पैदावार" भन्नाले वनमा रहेका वा बनमा उत्पन्न भएका वा बनबाहिर रहेका रुखहरुबाट उत्पादित काठ र दाउरा बाहेकका जडीबुटी तथा अन्य सबै जैविक उत्पनिका सामानलाई जनाउँछ।

(घ) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुको परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई जनाउँछ ।

(ङ) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरु एक वासस्थानबाट अर्को बासस्थानमा आवत जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई जनाउँछ ।

(च) "टांचा" भन्नाले काठ वा खंडा रहेका रुखमा लगाइने छाप चिन्ह वा निशानालाई जनाउँदछ ।

(छ) "धार्मिक बन" भन्नाले दफा २७ बमोजिम संरक्षण तथा व्यवस्थापन गरिएको राष्ट्रिय बनलाई जनाउँदछ ।

(ज) "निजी वन' भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई जनाउँछ र सो शब्दले परिवारको निजी जग्गामा रहेको पारिवारिक निजी वन समेतलाई जनाउनेछ ।

(झ) "राष्ट्रिय वन' भन्नाले यस गाउपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक बन नेपाल सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन कबुलियति वन र धार्मिक बनः समेतलाई जनाउँछ।

(ञ) 'वन' भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरु वा बुट्यानले डाकिएको क्षेत्रलाई जनाउँछ।

(ट) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाईएको वा बनबाट ल्याईएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला पिपली वा रुख, पात, फलफूल, मौवा, चिराइतो, च्याउ र सबै प्रकारका जंगली जडिबुटी वनस्पती वा तीनका विभिन्न भाग वा अंग, चट्टान, माटो, ढुंगा, गिटी, माटो, बालुवा, वा पशुपंक्षी वा वन्यजन्तुको आखेतोपहार सम्झनुपर्दछ र सो शब्दले देहायको पैदावारलाई समेत जनाउँदछ

१ काष्ठ पैदावार

२ गैरकाष्ठ पैदावार

३ चट्टान माटो पानी नदीजन्य वा खनिजजन्य पदार्थ

४ वन क्षेत्रबाट प्राप्त हुने अन्य पदार्थ

(ठ) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय बनको सिमाना छुट्टयाउन लगाइएको काठ, दुङ्गा, सीमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपटलाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित बन सिमाना विन्ह समेतलाई जनाउनेछ ।

(ड) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हकभोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा बनभित्र रहेको घाँसे मैदान, खर्क हिउँले ढाकेको वा नढाकेको पहाड बाटो पोखरी ताल तलैया सिमसार नदी खोलानाला, बगर पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई जनाउँदछ।

(ढ) "व्यवस्थापन योजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी बनको विकास संरक्षण तथा वन पैदावारको उपयोग र विक्री वितरण गर्न तयार गरिएको र यस ऐन एवं प्रचलित कानून बमोजिम स्वीकृत वन सम्बन्धी कार्य योजनालाई जनाउँदछ ।

(ण) "बातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई जनाउँदछ

(१) कार्बन सञ्चिति

(२) जैविक विविधताको संरक्षण

(३) जलाधार तथा जलचक्र प्रणाली

(४) पर्यापर्यटन

(५) अध्यन अनुसन्धान तथा मनोरञ्जन

(६) वातावरणीय सेवा प्रदान गर्ने अन्य वस्तु सेवा वा नाभ।

(त) "वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन समेतलाई जनाउँदछ ।

(थ) 'सामुदायमा आधारित जलवायु अनुकूलन" भन्नाले अनुकूलन योजना तर्जुमा सम्बन्धी प्रचलित मापदण्ड तथा कार्यविधिहरु र यस गाउँपालिकाको अनुकूलन योजनालाई समेत मध्यनजर गर्दै उपभोक्ता समूहले आफ्नो स्थानीय समदायका लागि अनुकूलन योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यलाई जनाउँदछ ।

(द) "सामुदायिक वन" भन्नाले समुदायद्धारा व्यवस्थापन गरिएको वन लगायत कबुलिएती वन धार्मिक वन परम्मपरागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन एवं वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनलाई जनाउंदछ।

(ध) 'सार्वजनिक जग्गा" भन्नाले जग्गा र बनसम्बन्धी प्रचलित कानून बमोजिम परिभाषित गरिए अनुसार यस गाउँपालिकाको क्षेत्रमा पहिचान र सिमाङ्कन गरिएका सार्वजनिक जग्गालाई जनाउँदछ ।

न प्राकृतिक स्रोत साधन भन्नाले जल जमिन जंगल वन्यजन्तु खनिज जैविक विविधता आदी जस्ता प्राकृतिक रुपमा प्राप्त स्रोत साधनलाई सम्झनुपर्दछ ।

प “वनमाथीको पहुँच” भन्नाले वनको संरक्षण र व्यवस्थापनमा सहभागी हुने र निर्णय लिने वनबाट वन पैदावार प्राप्त गर्ने सदुपयोग वा भोगचलन गर्ने वनक्षेत्रमा निर्वाध रुपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनुपर्दछ ।

फ “वन अधिकार” भन्नाले प्रचलित कानुन बमोजिमको वन सम्बन्धी अधिकारलाई सम्झनुपर्दछ ।

ब “स्थानिय वन परिषद” भन्नाले दफा  बमोजिम गठन हुने वन परिषदलाई सम्झनुपर्दछ ।

भ “स्थानिय समुदाय” भन्नाले वन क्षेत्रमा सिमाना जोडिएको वन क्षेत्रमा आश्रित एवं लाभान्वित आदीबासी, जनजाती ,महिला दलित सिमान्तकृत लगायत स्थानिय समुदायमा बसोबास गर्ने सम्पुर्ण समुदायलाई सम्झनुपर्दछ ।

म “अन्य समुदाय” भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वनपैदावार आफ्नो घर परिवारको जिविकोपार्जनको लागी कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेका वन पैदावारको लागी त्यस्तो वन क्षेत्रमा आश्रित एवं लामान्वित भौगोलिक रुपमा वन क्षेत्रदेखि टाढा रहेको घर परिवार र समुदायलाई सम्झनुपर्दछ ।

य “पर्यापर्यटन” भन्नाले वन, वन्यजन्तु वातावरण लगायत प्राकृतिक र सांस्कृतिक सम्पदामा आधारित प्रकृतीमैत्री पर्यटकिय गतिबिधिलाई सम्झनुपर्दछ र सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी संचालन गरिने क्रियाकलापलाई समेत जनाउँदछ ।

र “नदीजन्य पदार्थ” भन्नाले नदी खोला, खोल्सी वा खहरे बाढी पहिरोले बगाई ल्याई नदी खोला, नदी खोल्सी वा खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र, निजी जग्गामा जम्मा भएको ढुंगा, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, गेग्रान माटो समेत सम्झनुपर्दछ।

ल “वन उद्यम” भन्नाले काष्ठ वा गैरकाष्ठ वन पैदावारमा आधारित खेती तथा प्रशोधन गर्ने कार्यलाई सम्झनुपर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिमको वन्यजन्तु पालनलाई समेत जनाउँदछ ।

व “वन सम्वर्द्धन प्रणाली” भन्नाले वन वाली स्थापना गर्न, हुर्काउन ,स्याहार, सम्भार तथा पुनरुत्थान, नियमन गर्न अवलम्वन गरिने छनौट प्रणाली, माउरुख प्रणाली, छत्र प्रणाली, सरपट कटन प्रणाली लगायतका वन सम्वर्द्धन प्रणाली (Silviculture System) लाई सम्झनुपर्दछ ।

श “पराम्परागत उपभोक्ता” भन्नाले जिवनयापनको लागी परापूर्वकालदेखि स्थानिय रितिरिवाज, संस्कृती मौलिक परम्परा अनुसार आफ्नै मौलिक बिधि र प्रक्रियाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनुपर्दछ ।

ष “डिभिजन वन कार्यालय” भन्नाले गण्डकी प्रदेश सरकार मातहतको डिभिजन वन कार्यालय सम्झनु पर्दछ ।

स “सिमसार” भन्नाले भूमिगत जलस्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित स्थायी वा अस्थायी जमेको वा बगेको स्वच्छ वा नुनिलो पानी भएको, धापिलो जमिन (Swamp) , दलदले जमिन (Marsh) ,नदीबाट प्रभावित जमिन ( Riverine Flood Plain) , ताल तलैया पोखरी र जलभण्डार (Water Reservoir) क्षेत्र समेतलाई सम्झनुपर्दछ।

ह “गाउँपालिका” भन्नाले मोदी गाउँपालिकालाई सम्झनुपर्दछ ।

## परिच्छेद - २

## बनको सीमा निर्धारण भू-उपयोग र वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

**३) राष्ट्रिय वनको सिमा निर्धारणः** (१) वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम डिभिजन वन कार्यालयले मोदी गाउँपालिका सँग समन्वय गरी सामुदायिक वन उपभोक्ता समूहका साथै आवश्यकता अनुसार वन सिमानामा रहेको निजी जग्गावालाहरुलाई समेत सहभागी गराई राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय वन क्षेत्रको वन व्यवस्थापन पद्धति र बन सिमाना निर्धारण गरी तयार गरिएको नक्सा एवं तथ्यांक लगायतको **सम्पुर्ण विवरण तथा नक्शा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित** गरी सोको एक प्रति कार्यालयमा र एक प्रति डिभिजन वन कार्यालयमा अभिलेखको लागी पठाउनु पर्नेछ ।

**४) वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्नेः** (१) दफा (३) बमोजिम बनको सिमाना कायम गर्दा वन संरक्षण, सुरक्षा वा अन्य पर्यावरणीय कारणबाट राष्ट्रिय बनसँग सिमाना जोडिएका निजी हकभोगका घरजग्गा, सार्वजनिक जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरु समेत प्राप्त गर्न आवश्यक देखिएमा मोदी गाउँपालिका गाउँकार्यपालिको स्वीकृती लिई संघीय कानून बमोजिम वनको सिमानाभित्र पारी वन सिमाना कायम गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्वन्धी व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त गरिएको घरजग्गा दर्ताको प्रचलित कानुन बमोजिम लगत कट्टा गर्नुपर्नेछ।

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा डिभिजन वन कार्यालय र मालपोत कार्यालयले मोदी गाउँपालिकालाई सोको जानकारी लिखित रुपमा दिनुपर्नेछ र कार्यालयले सोही बमोजिम निजी जग्गाको भूमी करको लगत कट्टा गर्नु पर्नेछ ।

**(५) वनमम्बन्धी भू-स्वामित्व** : (१) गाउँ पालिकाको क्षेत्र भित्र रहेको वनमाथिको भू-स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुमाथिको भू-स्वामित्व गाउँकार्यपालिकामा निहित रहने छ।

(ख) गाउँपालिकाको क्षेत्रभित्र राष्ट्रिय वनको रुपमा रहेका वनक्षेत्रका जग्गामाथिको भू- स्वामित्व वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारमा रहनेछ ।

(ग) सामुदायिक वन लगायतका समुदायमा आधारित वन क्षेत्रका जग्गाहरु राष्ट्रिय स्वामित्व प्राप्त जग्गाको रुपमा रहने छन् ।

(२) प्रथाजनित रुपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनहरुमा परम्परागत रुपमा स्थापित सम्बन्धित प्रथाजनित संस्थाको अधिकार रहनेछ ।

(३) नेपाल सरकारले गाउँपालिका भित्र रहेको राष्ट्रिय वन क्षेत्रको भू-उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय गर्नुपूर्व गाउँ कार्यपालिका, सम्बन्धित वन उपभोक्ता समूह र कुनै स्थानमा प्रथाजनित संस्था भएमा सोको समेत सहमति लिनु पर्नेछ ।

४) राष्ट्रिय वनमा कुनै व्यक्ति वा संस्थालाई स्वामित्व हुने छैन र राष्ट्रिय वनभित्रको जग्गा कसैले दर्ता गरे स्वत: बदर हुनेछ ।

५) प्रचलित कानुन बमोजिम पट्टा पूर्जी वा प्रमाणपत्र प्राप्त गरी वा यस ऐनको व्यवस्था बमोजिम कुनै हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा संस्थालाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

६) प्रचलित ऐन कानुन बमोजिम अनुमति लिएकोमा बाहेक कुनै व्यक्ति वा संस्थाले उपदफा (५) बमोजिम गाउँपालिका भित्रको राष्ट्रिय वनमा आँफुले पाएको हक वा सहुलिएत अरु कसैलाई बिक्रि, बन्धक, दान दातव्य वा सट्टापट्टा गरी वा कुनै प्रकारले हक हस्तान्तरण गर्न सकिने छैन।

७) यस ऐनमा भएको व्यवस्था बाहेक वन क्षेत्रलाई कार्यस्थल बनाई कुनै संघ संस्था दर्ता गर्न वा त्यस्तो दर्ताको नाताले वन क्षेत्रमा कुनै किसिमको संरचना निर्माण वा अन्य कुनै पनि प्रकारको क्रियाकलाप गर्न पाईने छैन ।

८) उपदफा (७) विपरित कुनै संस्था दर्ता तथा संचालन गरेको पाइएमा त्यस्तो संस्थाको दर्ता खारेजीको लागी डिभिजन वन कार्यालयमा लेखि पठाईनेछ ।

९) उपदफा (७) बिपरित कुनै संस्थाले कुनै किसिमको संरचना निर्माण गरेको वा कुनै क्रियाकलाप संचालन गरेको भए त्यस्तो संरचना हटाउन र गैर कानुनी क्रियाकलाप संचालनमा रोक लगाउनको लागी डिभिजन वन कार्यालयमा लेखि पठाईनेछ ।

**६. वन व्यवस्थापन प्रणाली** : (१) गाउँपालिका क्षेत्रमा रहेको राष्ट्रिय बनलाई संघिय तथा प्रदेश कानुन बमोजिम सामुदायिक बन र आवश्यकता अनुसार अन्य वन या प्रथाजनित वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ ।

(२) वन व्यवस्थापन प्रणाली अवलम्वन गर्दा सामुदायिक वन व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिनुपर्नेछ ।

(३) गाउँपालिकाभित्रको सार्वजनिक जग्गामा रहेको बनलाई सामुदायिक बनको रुपमा विकास र व्यवस्थापन गर्न सकिनेछ । उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको वन प्रचलित कानुन बमोजिम व्यवस्थापन गर्न नसकेमा वा प्रचलित कानुन बमोजिमको व्यवस्था पालना नगरेमा गाउँपालिकाले डिभिजन वन कार्यालय सँग समन्वय गरी प्रचलित कानुन बमोजिम व्यवस्थापन गर्न गराउन सक्नेछ।

७. **भू-उपयोग योजना र वन क्षेत्रको भू-उपयोग परिवर्तन्:** (१) गाउँपालिका वा अन्य सम्बन्धित निकायले भू-उपयोग योजना तर्जुमा गर्दा गाउँपालिकामा रहेको राष्ट्रिय बनलाई वन क्षेत्रको रुपमा नै कायम गर्नुपर्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रभित्र रहेका कुनै पनि प्रकारको वनहरुमा कुनै पनि किसिमको बसोबास वा पूनर्वास गर्न गराउन पाईनेछैन ।

तर प्राकृतिक प्रकोप तथा विपदबाट पिडित घरधुरीहरुलाई स्थानिय विपद व्यवस्थापन समितिको निर्णय अनुसार प्रकोप व्यवस्थापनको अवधीभर बनको कुनै क्षेत्रमा रहेको खाली जग्गामा वन विनास वा वनक्षेत्रमा नकारात्मक प्रभाव नहुने गरी अस्थायी बसोनास गराउन यस दफा बमोजिम बाधा पर्नेछैन।

(३) नेपालको संविधान २०७२ तथा अन्य प्रचलित ऐन कानुन बमोजिम भूमिहिन, दलित र सुकुम्बासीलाई रुख विरुवा नभएको कुनै क्षेत्रको जग्गा उपलब्ध गराउनु पर्ने भएमा भूमीसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(४) वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिई नेपाल सरकार तथा प्रदेश सरकारको अनुमति एवं स्वीकृती प्राप्त भएमा मात्र वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्न सकिनेछ ।

**८. वन क्षेत्रमा विकास आयोजना सञ्चालन**: (१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र बन क्षेत्रको पूनरस्थापना गर्ने सम्वन्धी व्यवस्थाहरु वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना वा गाउँपालिका भित्रको प्राथमिकताप्राप्त आयोजना बाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन तर गाउँपालिकाको महत्वपुर्ण विकास आयोजना संचालनको लागि वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा प्रभावित स्थानीय समुदाय तथा सम्बन्धित उपभोक्ता समुहको सहमतिमा वनसम्बन्धी प्रचलित संघीय एवं प्रदेश कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी नेपाल सरकार तथा प्रदेश सरकार को स्वीकृती लिई तोकिए बमोजिमको वन क्षेत्र प्रयोग गर्न सकिनेछ ।

(३) गाउँपालिकाको क्षेत्रको नापी नक्शामा वन क्षेत्रको रुपमा रहेको तर वन कायम नभई सार्वजनिक हितका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरेको अवस्था रहेको खण्डमा उक्त क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गर्ने गरी सो वन क्षेत्रको जग्गाको क्षेत्रफल सँग बरावर हुनेगरी उपयुक्त जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ।

**९.वन क्षेत्र प्रयोग गर्दा सहमति तथा क्षतिपूर्ति दिनुपर्ने** (१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सोबाट प्रभावित हुने उपभोक्ता समूह र प्रथाजनित संस्थाहरुसँग पूर्वसूचित सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना राष्ट्रिय गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका बन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराउनुपर्ने तथा उक्त वन पैदावार कटान, संकलन, ओसार पसार र घाटगड्डी गर्दा लाग्ने खर्च सम्बन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ ।

**१०. बन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोग** (१) गाउँपालिका अन्तर्गतको राष्ट्रिय बन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी वा खनिज पदार्थको संकलन तथा प्रशोधनसम्बन्धी कार्य गर्दा बातावरण संरक्षण सम्बन्धी प्रचलित संघीय तथा प्रदेश ऐन नियमावली वमोजिमको प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले निर्धारण गरे बमोजिमको रोयल्टी र स्थानीय कर भुक्तानी गरे पश्चात् मात्र उत्खनन् गर्न पाइनेछ ।

(२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी वा खनिज पदार्थको संकलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित मापदण्डहरुका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँपालिकाले तर्जुमा गरेका मापदण्डहरुको समेत पालना गर्नुपर्नेछ ।

(३) सामुदयिक वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी वा खनिज पदार्थ संकलन गर्दा सम्वन्धित उपभोक्ता समूहको समेत सहमति लिनु पर्नेछ ।

(४) राष्ट्रिय वन क्षेत्रमा नदीजन्य साधारण निर्माणमूखी वा खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको सर्वेक्षण तथा उत्खनन् गर्दा खानी तथा खानिज पदार्थ, वन र वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम गर्नुपर्नेछ ।

(५) गाउँपालिकाले राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी वा खनिज पदार्थको विक्री वितरणबाट प्राप्त रकममध्ये कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित बन उपभोक्ता समूह मार्फत प्रभावित क्षेत्रको वन तथा वातावरण संरक्षणमा खर्च गर्नुपर्नेछ। उपभोक्ता समुहले यसरी प्राप्त हुने रकम संघिय प्रदेश तथा गाउँपालिकाको प्रचलित ऐन नियमावली तथा मापदण्ड बमोजिम खर्च गर्नुपर्नेछ ।

(६) सामुदायिक वन क्षेत्रमा रहेको नदीजन्य साधारण निर्माणमूखी वा खनिज पदार्थ उत्खनन् गर्नुपर्ने भएमा उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था गरी सम्बन्धित उपभोक्ता समूहले गाउँपालिकाको स्वीकृती लिएर त्यस्तो खनिज पदार्थ विक्री गर्न सक्नेछ र बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको स्थानिय संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

**११. वन क्षेत्रमा बातावरणीय मापदण्डको पालना** (१) वातावरण संरक्षण सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भनी निर्धारण भएका प्रस्तावहरु गाउँपालिकामा रहेको वन क्षेत्रमा कार्यान्वयन गर्नुपूर्व उक्त प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन गरी मो सम्बन्धी प्रतिवेदन सम्बन्धित निकायवाट स्वीकृत भएको हुनुपर्नेछ।

(२) गाउँपालिकाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम आफैले स्वीकृत गर्न पाउने किसिमका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा वातावरण सम्बन्धी प्रचलित संघिय तथा प्रदेश कानुनमा उल्लिखित मापदण्ड एवं शर्तहरुको पालना गर्नुपर्नेछ।

(३) गाउँपालिकाको वन क्षेत्रमा कार्यान्वयन गरिने कुनै पनि प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा गाउँकार्यपालिकाबाट पूर्वस्वीकृती लिनुपर्ने र तयार भएको अन्तिम प्रतिवेदन गाउँकार्यपालिकाबाट स्वीकृत हुनुपर्नेछ ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन तयारी र स्वीकृतीका क्रममा पालना गर्नुपर्ने सार्वजनिक सुनुवाई लगायतका अन्य विषयहरु प्रभावित स्थानिय समुदायको उपस्थितिमा प्रचलित सङ्घीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

## परिच्क्षेद - ३

## उपभोक्ता समूह सम्बन्धी व्यबस्था

**१२. उपभोक्ता समूहको गठनः** (१) गाउँपालिकामा सामुदायिक हितका लागि सामुहिक रुपमा कुनै

वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गरी वन पैदावारको न्यायोचित् उपयोग गर्न, सामाजिक र आर्थिक विकास एवं वन व्यवस्थापनमा लैङ्गिक समानाता र सामाजिक समावेशीकण प्रवर्द्धन गर्न चाहने त्यस्तो बनको सम्बन्धित उपभोक्ताहरुले यस ऐन र वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानूनमा निर्धारित प्रक्रिया अवलम्बन गरी कार्यालयको वन वातावरण तथा विपद व्यवस्थापन शाखा सँगको समन्वयमा सहभागितामूलक रुपमा उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

२) उपभोक्ता समूह गठन गर्दा परम्परागत रुपमा बन उपयोग गर्दै आएका उपभोक्ताहरु सहित सम्बन्धित सबै घरधुरीलाई सदस्यको रुपमा समावेश गर्नुपर्नेछ र उपभोक्ता समूहको विधानमा यसरी पहिचान गरिएका प्रत्येक धरधुरीबाट एक महिला र एक पुरुपको नाम साधारण सदस्यको रुपमा समावेश गर्नुपर्नेछ ।

३) उपदफा (१) बमोजिम उपभोक्ता समुह गठन गर्दा प्रभावित क्षेत्रका नागरिक सँग छ्यफल गरी गरिव र सिमान्तकृत वर्गको प्रतिनिधित्व, पहुँच र सहभागिता सुनिश्चित हुनेगरी स्थानिय समुदायको अधिकतम सहमति कायम गर्नुपर्नेछ।

४) उपदफा (१) बमोजिम गठन गरिएको उपभोक्ता समुह सम्बन्धित डिभिजन वन कार्यालयमा प्रचलित ऐन कानुन बमोजिम दर्ता गर्नुपर्नेछ ।

५) उपभोक्ता (१) बमोजिमको उपभोक्ता समुहमा वन क्षेत्र नजिक स्थायी बसोबास गरेका वनको संरक्षणमा योगदान वा उपभोगमा प्रत्यक्ष संलग्न हुने अन्यत्र वन उपभोक्ता समुहको सदस्य नरहेका इच्छुक प्रतिघरधुरी एक सदस्य हुनेछन ।

६) यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका उपभोक्ता समुहहरु एक आपसमा गाभिन चाहेमा डिभिजन वन अधिकृतको स्वीकृतीमा गाभिन सक्नेछन ।

७) उपदफा ४ बमोजिम उपभोक्ता समुह एक आपसमा गाभिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८) उपभोक्ता समुहको कार्यसञ्चालनको लागी बढीमा पन्ध्र सदस्यीय एक उपभोक्ता समिति रहनेछ । उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष वा सचिवमध्ये एक जना र उपाध्यक्ष तथा कोषाध्यक्ष मध्ये एक जना महिला सहित लैङ्गिक समानताका साथै सामाजिक रुपमा समावेशीता कायम गर्नु पर्नेछ

९ उपभोक्ता समितिको पदावधि ३ वर्षको हुनेछ । उपभोक्ता समितिको पदावधि सकिन तीन महिना अगावै नयाँ उपभोक्ता समितिको चयन गर्नुपर्नेछ ।

**१३. उपभोक्ता समूहको दर्ताः** (१) दफा १२ बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि गाउँपालिकाको वन वातावरण तथा विपद व्यवस्थापन शाखाको राय र वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको ढाँचामा निर्धारित बिधान सहित डिभिजन वन कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

**(२) उपदफा (१) बमोजिमको सिफारिस, निवेदन र विधान प्राप्त भएमा डिभिजन वन अधिकृतले आवश्यक अध्ययन तथा जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई प्रचलित कानुन बमोजिम दर्ता गरी निर्धारित ढाँचामा दर्ता प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ।**

(३) डिभिजन वन कार्यालयले उपभोक्ता समूह गठन र विधान दर्ता गर्दा गाउँपालिकासँग आवश्यक समन्वय गर्नुपर्नेछ र उपभोक्ता समूहको गठन, विधान तर्जुमा र उपभोक्ता समूह दर्ताका लागि गाउँपालिकाले आवश्यक सहयोग गर्नुपर्नेछ।

(४) उपभोक्ता समूहको विधानमा समावेश गर्नुपर्ने विषय र उपभोक्ता समूहलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचाहरु बनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(५) यस दफामा माथी जुनसुकै कुरा लेखिएको भए तापनि साविकमा वनसम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भइसकेका उपभोक्ता समूहहरु यस ऐन बमोजिम पूनः दर्ता हुनु पर्ने छैन ।

**१४. उपभोक्ता समूह संगठित संस्था हुनेः** (१) दफा (१३) बमोजिम दर्ता भएको उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारबाला एक स्वशासित, संगठित र सामुदायिक प्रकृतिको सामाजिक संस्था हुनेछ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप र लेटरहेड हुनेछ ।

३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेच बिखन गर्न वन उद्यम संचालन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।उपभोक्ता समुहले कानुनी व्यक्ति सरहको हैसियत प्राप्त गर्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न वा सो उपर सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**१५. उपभोक्ता समुहको कोषः** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष रहनेछ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :

(क) नेपाल सरकार, गण्डकी प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री वितरणबाट उपभोक्ता समुहलाई प्राप्त रकम,

(घ) उपभोक्ता समुहको सदस्यतना शुल्क र दण्ड जरिवानाबाट प्राप्त रकम

(ङ) प्रचलित कानून बमोजिम अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रमका लागि उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोपबाट व्यहोर्न सकिनेछ ।यसरी खर्च गर्दा गाउँपालिकाको प्रचलित खर्च सम्बन्धी मापदण्डको पालना गर्नुपर्नेछ ।
(३) उपभोक्ता समूहले कोपको सञ्चालनका लागि गाउँपालिकाले समय समयमा दिएको राय सुझावलाई कोष परिचालनको मार्गदर्शनको रुपमा लिनुपर्नेछ ।
(४) उपभोक्ता समुहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा १ बमोजिमको कोषबाट व्यहोरिनेछ ।
(५) उपभोक्ता समुहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तुको आक्रमण तथा वन डढेलोबाट त्यस्तो समुहको सदस्यको जनधनको क्षति भएमा उपदफा १ बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउन सकिनेछ ।
(६) उपदफा (१) बमोजिमको कोषको संचालन तथा व्यवस्थापन सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी प्रचलित ऐन नियमावली तथा मोदी गाउँपालिकाको प्रचलित मापदण्ड बमोजिम हुनेछ ।

**१६. उपभोक्ता समूहको बिबरण र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः** (१) डिभिजन वन कार्यालयले गाउँपालिका अन्तर्गत पर्ने सबै वन उपभोक्ता समूहको दर्ता विवरण सहितको प्रमाणपत्र, स्वीकृत विधान, वन हस्तान्तरणको प्रमाणपत्र र वन व्यवस्थापन कार्ययोजनाको प्रतिलिपि गाउँपालिकालाई यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्रमा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले सोको अद्यावधिक अभिलेख कायम गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम गाउँपालिकामा अभिलेख अद्यावधिक भएका उपभोक्ता समूहलाई स्थानीय सरकार मञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ङ) बमोजिम गाउँपालिकाले यस ऐन वमोजिम नियमन, सहजीकरण र अनुगमन गर्न सक्नेछ ।
(३) उपभोक्ता समूहको विधानमा निर्धारित प्रक्रिया वमोजिम उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष साधारण सभाको आयोजना गरी आफ्नो वार्षिक कार्यक्रम तथा लेखापरीक्षण प्रतिवेदन पारित गरी सोको विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।
(४) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिमको ढाँचामा सामुदायिक बनमा गरिएका क्रियाकलाप, उपलब्धी र वर्तमान अवस्था एवं समुहले व्यवस्थापन गरेको वनको अध्याविधक अवस्था खुलाईएको वार्षिक प्रगति विवरण डिभिजन वन कार्यालय गाउँपालिका र सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ।
(५) उपदफा (४) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनका आधारमा गाउँपालिकाले सम्बन्धित उपभोक्ता समुहको अनुगमन गरी डिभिजन वन कार्यालय समक्ष आवश्यक राय सुझाव दिन सक्नेछ ।

(६) उपदफा (४) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन र उपदफा (५) बमोजिमको राय सुझावका आधारमा डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।
(७) उपदफा (६) बमोजिम प्राप्त निर्देशन उपभोक्ता समितिले पालना गर्नुपर्नेछ ।
(८) गाउँपालिकाले उपभोक्ता समूहको आवश्यकता र कार्यसम्पादन प्रगतिका आधारमा बन सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि अनुदान तथा सहयोग उपलब्ध गराउन सक्नेछ ।
**(१७) सामुदायिक वन उपभोक्ता समुहको सदस्यको काम कर्तव्य र अधिकार:** (१) सामुदायिक वन उपभोक्ता समहुको सदस्यहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) सामुदायिक वनक्षेत्र भित्र रहेको प्राकृतिक स्रोतसाधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागी हुने ।

ख) वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत, साधन र वन पैदावारहरु तोकिए बमोजिम प्राप्त गर्ने ।

ग) सामुदायिक वन उपभोक्ता समुहमा सहभागी हुने, नेतृत्व लिने तथा निर्णय प्रक्रियामा भाग लिने ।

घ) सामुदायिक वनबाट प्राप्त लाभको हिस्सा प्राप्त गर्ने ।

ङ) वन क्षेत्रभित्र रहेका ऐतिहासिक, पुरातात्विक, सामाजिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण उपयोग र व्यवस्थापनमा सहभागी हुने ।

(२) सामुदायिक वन संरक्षण तथा व्यवस्थापनमा नियमित रुपमा सहभागी हुन नसक्ने टाढाका उपभोक्ताहरुलाई उनीहरले वन संरक्षणमा पुर्याउने योगदान र वनस्रोतको उपयोगको आधारमा वर्गीकरण गरी सामुदायिक वनबाट देहाय बमोजिमका अधिकारहरु प्राप्त हुनेछन ।

(क) सामुदायिक वनबाट सहुलियत दरमा वनपैदावार प्राप्त गर्ने ।

(ख) सामुदायिक वनबाट प्राप्त लाभ तोकिए बमोजिम प्राप्त गर्ने ।

(ग) वन क्षेत्रभित्र रहेका ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन र तिनबाट प्राप्त लाभको उपयोग गर्ने ।

१८) बरबुझारथ गर्नुपर्ने : १) उपभोक्ता समुहको स्वीकृत विधान बमोजिम उपभोक्ता समितिको पुनर्गठन भएमा वा कुनै पदाधिकारी पदमुक्त भएमा निर्वर्तमान पदाधिकारीले नयाँ गठन वा नयाँ चयन भएका पदाधिकारीहरुलाई पन्ध्र दिनभित्र आफ्नो जिम्मामा रहेको नगद जिन्सी तथा अन्य कागजातहरु बरबुझारथ गर्नुपर्नेछ ।
२) कावु बाहिरको परिस्थिति परि उपदफा (१) बमोजिम बरबुझारथ गर्न नसकेमा डिभिजन वन कार्यालयले बरबुझारथका लागी पन्ध्र दिनसम्मको समय थप गरिदिन सक्नेछ ।
३) उपदफा (१) वा (२) बमोजिम बरबुझारथ नगर्ने पदाधिकारीहरुलाई प्रचलित ऐन नियमावली बमोजिमको कारवाहीको लागि डिभिजन वन कार्यालयमा लेखि पठाईनेछ ।
४) उपभोक्ता समितिका पदाधिकारीहरुको पदावधि समाप्त भएपछि बरबुझारथ गर्नुअघि समितिका पदाधिकारीहरुले उपभोक्ताको हितको नाममा समुहको कोषको रकम प्रयोग तथा अन्य आर्थिक कारोवार

गर्न पाईने छैन । यस दफा विपरित उपभोक्ता समुहको कोषको रकम प्रयोग गरेमा कोषको रकम हिनामिना गरेसरह मानी प्रचलित कानुन बमोजिम कारवाहीका लागी सम्बन्धित निकायमा सिफारिस गरी पठाईनेछ ।

(१९) कार्ययोजना विपरित कार्य गर्न नहुनेः १) उपभोक्ता समुहको सदस्य वा पदाधिकारीहरुले समुहको हितको नाममा विधान वा कार्ययोजना विपरित वा यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम वा संघिय वा प्रदेश ऐन नियमावली विपरित कुनै कार्य गरेमा निजहरुलाई प्रचलित ऐन नियम बमोजिम कारवाहीको लागी सिफारिस गर्न बाधा पुर्याएको मानिने छैन ।

२) उपभोक्ता समितिका सदस्यलाई उपदफा (१) बमोजिम कारवाहीको लागी मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भएमा त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वत: निलम्वन हुनेछ । निज निलम्वनमा रहेको अवस्थामा निजको पदावधि समाप्त भएमा स्वत पदमुक्त हुनेछ ।

## परिच्छेद - ४

## सामुदायिक वन व्यवस्थापन सम्बन्धी व्यवस्था

**(२०) सामुदायिक वनको व्यवस्थापनः १)** दफा १२ बमोजिम गठित उपभोक्ता समुहले वनको संरक्षण, विकास, उपयोग, व्यवस्थापन तथा समुहभित्रका लागि स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी डिभिजन वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिमको प्रक्रिया पुरा गरी सामुदायिक वन कार्ययोजना स्वीकृत गरी सामुदायिक वनको रुपमा उपभोक्ता समुहलाई हस्तान्तरण गर्न सक्नेछ।

**२) राष्ट्रिय वन क्षेत्रभन्दा बाहिरको सार्वजनिक जग्गामा गाउँपालिका वा स्थानिय उपभोक्ताहरुले वा निजी प्रयासमा अरु कुनै व्यक्तिले रुख बिरुवा लगाई रुख विरुवाको संरक्षण गरेको रहेछ भने वा स्थानिय उपभोक्ताहरुले उपभोक्ता समुह गठन गरी त्यस्तो जग्गामा स्वामित्व भएको संस्था वा गाउँपालिकाको स्वीकृती लिई सोही संस्थामा जग्गाको स्वामित्व रहने गरी रुख विरुवा लगाउन चाहेमा डिभिजन वन अधिकृतले सो वन क्षेत्रलाई सामुदायिक वनको रुपमा मान्यता दिन सक्नेछ ।**

**३) उपदफा (१) वा (२) बमोजिम सामुदायिक वन हस्तान्तरण गर्दा डिभिजन वन अधिकृतले तोकिए बमोजिमको ढाँचामा सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।**

**४) सामुदायिक वनको संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समुहको हुनेछ ।**

**५) उपदफा (१) को प्रयोजनका लागी डिभिजन वन अधिकृतले उपभोक्ताहरुलाई परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समुह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।**

**६) उपभोक्ता समुहले समुहको साधारणसभाबाट प्रचलित ऐन नियमावली बमोजिमको उपभोक्ता समितिको चयन गर्नेछ ।**

**७) उपभोक्ता समुह र उपभोक्ता समितिको काम कर्तव्य र अधिकार यस ऐनमा तोकिए बमोजिम हुनेछ ।**

**८) उपभोक्ता समितिको पदावधि तीन वर्षको हुनेछ । उपभोक्ता समितिको पदावधि सकिन तीन महिना अगावै नयाँ उपभोक्ता समितिको चयन गर्नुपर्नेछ ।**

**१८. सामुदायिक वन हस्तान्तण** : (१) गाउँपालिकामा सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न बाँकी रहेमा वन क्षेत्रहरु पहिचान गरी सामुदायिक बनको रुपमा हस्तान्तरण गर्न प्राथमिकता दिइनेछ ।

(२) दफा (१२) बमोजिम दर्ता भएको उपभोक्ता समूहको व्यवस्थापन क्षमता र स्थानिय आवश्यकताको आधारमा सामुदायिक वन व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउने गरी सामुदायिक बनको कार्ययोजना तयार वा संशोधन तथा परिमार्जन गर्नका लागि गाउँपालिका र डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार वा संशोधन गर्दा उक्त कार्ययोजना गाउँ पालिकाको वन वातावरण तथा विपद व्यवस्थापन शाखामा पेश गरी प्राप्त सुझाव तथा परामर्शका आधारमा वन व्यवस्थापन कार्ययोजना तर्जुमा वा आवश्यकता अनुसार संशोधन गर्नु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि वन व्यवस्थापन कार्ययोजना प्राप्त भएको मितिले बढीमा सात दिन भित्रमा वन वातावरण तथा विपद व्यवस्थापन शाखाले आवश्यक सुझाव दिनु पर्नेछ र उक्त समयभित्र कुनै सुझाव प्राप्त नभएमा सोही व्यहोरा जनाई वन व्यवस्थापन कार्ययोजना स्वीकृतीका लागि डिभिजन वन कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपभोक्ता समूहले दफा (२) र (३) बमोजिम तर्जुमा गरेको कार्ययोजना बमोजिम सामुदायिक बनको विकास, संरक्षण, उपयोग एवं व्यवस्थापन र वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी विक्री वितरण समेत गर्न पाउने गरी गाउँपालिकामा रहेको राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा वन व्यवस्थापन कार्ययोजना र गाउँपालिकाको वन वातावरण तथा विपद व्यवस्थापन शाखाको सुझाव तथा परामर्श सहित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश भएको वन व्यवस्थापन कार्ययोजना डिभिजन वन कार्यालयले स्वीकृत गरी उपभोक्ता समूहलाई सामुदायिक बन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र प्रदान गरी सोको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ ।

(७) सामुदायिक वनको कार्ययोजना प्रत्येक पाँच वर्षका लागि तर्जुमा गर्ने सकिने छ र गाउँपालिकाको बन वातावरण तथा विपद व्यवस्थापन शाखाबाट प्राप्त सुझाव तथा परामर्श बमोजिम आवश्यकता अनुसार समय समयमा संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

(८) उपदफा (७) बमोजिम उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजन वन कार्यालयले संशोधित कार्ययोजना

प्राप्त भएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो संशोधित कार्ययोजना लागू नगर्न निर्देशन दिई सोको जानकारी गाउँपालिकामा समेत दिनु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन सम्बन्धी प्रचलित कानून बमोजिम एक पटक हस्तान्तरण भएको वन पूनः हस्तान्तरण गर्नुपर्ने छैन ।

**१८. सामुदायिक वनमा विपन्न वर्गका लागि कबुलियती वनको रुपमा दिन सकिनेः** (१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरिवीको रेखामुनी रहेका विपन्न घरधुरीहरुलाई सामुहिक वा एकल रुपमा वन पैदावारमा आधारित आय आर्जनका कार्य गर्नका लागि आफ्नो सामुदायिक बनको कुनै भाग बढीमा पन्ध्र वर्षका लागि सम्झौता गरी उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्यसमिति एवं कबुलियती वन लिन चाहने विपन्न समूह तथा परिवार बीच हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**१९. वन पैदावारको मूल्य निर्धारणः** (१) उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना तथा साधारण सभाको निर्णय बमोजिम गाउँपालिकाको वन वातावरण तथा विपद व्यवस्थापन शाखा सँग समन्वय गरी वन सम्बन्धी प्रचलित संघिय तथा प्रदेश ऐन नियमावली बमोजिम वन व्यवस्थापन गर्दा प्राप्त भएका वन पैदावारको मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछन् ।तर उपभोक्ता समूहले आफ्नो वन पैदावार समूह बाहिर व्यवसायिक प्रयोजनका लागि विक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा यनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानूनमा निर्धारित दरमा नघट्ने गरी न्यूनतम् मूल्य कायम गर्नुपर्नेछ ।

(२ ) उपभोक्ता समुहले उपदफा (१) बमोजिम निर्धारण गरेको वन पैदावारको मुल्य दरको विवरण गाउपालिका, डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता महाहासंघ नेपाललाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपभोक्ता समूहले बन पैदावारको मूल्य निर्धारणका सम्बन्धमा गरेको निर्णय वा बन पैदावारको मूल्यका बारेमा गाउपालिकाले उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ र प्राप्त सुझावको कार्यान्वयन गर्नु उपभोक्ता समुहको कर्तव्य हुनेछ ।

**२०)** सामुदायिक वनको काठ संकलन र विक्री वितरणः (१) सामुदायिक बनबाट व्यापारिक प्रयोजनका लागि विक्री वितरण गरिने काठको रुख छपान, कटान, ओसार पसार, श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आव्हान, विक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरु वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश ऐन नियमावली बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा गाउँपालिका र डिभिजन वन कार्यालयको प्राविधिक सहयोगका आधारमा उपभोक्ता समूहले स्थानीय परिवेश अनुसार आवश्यक कार्यविधि वा प्रक्रियाहरु अवलम्बन गर्न सक्नेछन् ।

**२१) वन पैदावार विक्री वितरणको वार्षिक विवरण सम्बन्धी व्यवस्था** : उपभोक्ता समूहले स्वीकृत बन व्यवस्थापन कार्ययोजना वमोजिम संकलन हुने वन पैदावारको उपयोग तथा विक्री सम्बन्धी आफ्नो वार्षिक विवरण तयार गरी सोको एक प्रति गाउपालिका र डिभिजन वन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

**२२) वन पैदावार विक्री शुल्कः** सामुदायिक वन उपभोक्ता समूहले समूह बाहिर व्यावसायिक प्रयोजनका लागि वन पैदावार विक्री वापत प्राप्त हुने रकम मध्ये प्रचलित संघीय तथा प्रदेश तथा यस ऐन बमोजिम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने रकम आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समूहले गाउपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**२३) समुदायिक वनबाट प्राप्त लाभको सदुपयोग** (१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार विक्री बितरण गरी प्राप्त गरेको रकम मध्ये कम्तिमा २५ प्रतिशत रकम सामुदायिक बनको दिगो व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकममध्येबाट कम्तिमा पचास प्रतिशत रकम गाउ पालिकासँग समन्वय गरी गरिबी न्यूनीकरण, वन उद्यमको विकास र महिलाको आयआर्जन एवं सशक्तीकरण सम्बन्धी कार्यक्रमका लागि खर्च गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेश गर्नका लागि तर्जुमा गरेको वार्षिक कार्यक्रमको विवरण साधारण सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगाडी गाँउ पालिकामा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा सम्बन्धित वडा कार्यालय मार्फत उपभोक्ता समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ ।

(४) उपभोक्ता समूह र गाउपालिकाले संयुक्त रुपमा वा साझेदारीमा सामुदायिक वन व्यवस्थापन, वन उद्यम विकास र महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(५) स्थानीय समुदायमा गर्नुपर्ने सामुदायिक तथा पर्यावरणीय विकासका कार्यहरु गर्दा उपभोक्ता समूह र गाउँपालिका बीच सहकार्य गरी सामुदायिक विकासका कार्यहरु गर्न सकिनेछ ।

(६) उपदफा (२) बमोजिम खर्चगरी बाँकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम, उपभोक्ता समूहको हित हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ । यसरी खर्च गर्दा गाउँपालिकाको खर्चको मापदण्ड प्रतिकुल नहुने गरी खर्च गर्नुपर्नेछ ।

तर प्रशासनिक कार्यका लागि उपभोक्ता समूहको वार्षिक आम्दानीको बढीमा १० प्रतिशत रकम मात्र खर्च गर्न सकिनेछ र सो भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्नुपर्ने भएमा गाउँकार्यपालिकाको स्वीकृती लिई उपभोक्ता समूहको साधारण सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

**२४. वन व्यवस्थापन कार्ययोजना विपरित काम गर्नेलाई हुने जरिवाना** (१) सामुदायिक बनमा कुनै

उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले संघिय प्रदेश तथा यस ऐन बमोजिम कारवाहीको लागी डिभिजन वन कार्यालयमा सिफारिस गर्न सक्नेछ ।

(२) सामुदायिक वनको कार्ययोजना विपरितको कार्य गर्ने व्यक्तिलाई उपभोक्ता समहुले आवश्यक कारवाहीका लागी गाउँपालिकाको न्यायिक समिति वा डिभिजन वन कार्यालयमा कारवाहीको लागी सिफारिस गर्न सक्नेछ।

(३) उपभोक्ता समूहका सदस्य भन्दा बाहिरको कुनै व्यक्तिले सामुदायिक बनमा हानी नोक्सानी गरेमा निजलाई राष्ट्रिय बनमा गरेको कसुर बमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले डिभिजन वन कार्यालयमा सिफारिस गर्न सक्नेछ र निजलाई वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको सजाय हुनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम न्यायिक समिति र डिभिजन वन कार्यालय समक्ष निवेदन पेश भएमा कसुरको प्रकृति अनुसार न्यायिक समिति र डिभिजन वन कार्यालयले आ-आफ्नो क्षेत्राधिकार भित्र पर्ने विषयमा छानविन गरी प्रचलित कानुन बमोजिमको जरिवाना वा दण्ड सजाय गर्न सक्नेछ ।

**२५. सामुदायिक वनको विवाद तथा द्वन्द व्यवस्थापन** (१) सामुदायिक बनका विषयमा सिर्जना हुने बिबाद तथा द्वन्दको समाधानका लागि गाउँपालिकाको न्यायिक समितिले आवश्यक सहजीकण गर्न सक्नेछ ।विवाद तथा द्वन्दको विषय फौजदारी प्रकृतीको भएमा सोको निराकरण संघिय कानुन बमोजिम हुनेछ ।

(१)उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाको समन्वयमा गाउँपालिका सहित, डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल र सरोकारवालाहरुको प्रतिनिधित्व हुनेगरी विवाद समाधान संयन्त्र निर्माण गर्न सकिनेछ ।

२६ सामुदायिक वनमा उपभोक्ता समुहको उत्तरदायित्व : (१) सामुदायिक वनको दिगो र वैज्ञानिक व्यवस्थापन गरी स्थानिय गरिवी निवारणमा योगदान गर्न उपभोक्ता समुहले देहाय बमोजिमका उत्तरदायित्वहरु वहन गर्नुपर्नेछ ।

क) वन सम्बन्धी प्रचलित संघिय तथा गण्डकी प्रदेशको ऐन तथा नियमावली र यस ऐनको अधिनमा रहि सामुदायिक वन स्रोतको वातावरणीय रुपमा दिगो व्यवस्थापन गर्ने ।

ख) सामुदायिक वन व्यवस्थापन कार्ययोजना निर्माण गरी सम्बन्धित निकायबाट प्रमाणित गराउने

ग) सामुदायिक वन व्यवस्थापनमा स्थानिय समुदायको पुर्णरुपमा सहभागिता गराउने ।

घ) सामुदायिक वन स्रोतको अवैध चोरी निकासी रोकथाम गर्दै वनस्रोतको पारदर्शी र उत्तरदायी ढंगले व्यवस्थापन गर्ने ।

ङ) सामुदायिक वन व्यवस्थापन कार्ययोजना अनुसार सामुदायिक वन स्रोतको प्रभावकारी व्यवस्थापन भए नभएको सम्बन्धमा अध्यन जाँचबुझ नियमन निरिक्षण गरी गाउँपालिकामा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने ।

ट) गैरकानुनी चरिचरन, कटानी, आगजनी, वनक्षेत्रको अतिक्रमण रोकथाम गर्ने ।

ठ) वनजंगलमा हुने डडेलो नियन्त्रणको लागी अग्नि नियन्त्रण समुह गठन लगायतका आवश्यक कार्यहरु गर्ने ।

ड) मानव वन्यजन्तु द्धन्दको अद्यावधिक अवस्थाको बारेमा गाउँपालिकाको वन वातावरण तथा विपद व्यवस्थापन शाखा तथा डिभिजन वन कार्यालयमा जानकारी गराउने र नियन्त्रणका लागी आवश्यक कार्यहरु गर्ने ।

२७ सामुदायिक वनबाट प्राप्त लाभको बाँडफाँड सम्बन्धी व्यवस्था : (१) सामुदायिक वनबाट प्राप्त वन पैदावार उपयोग तथा बिक्रि वितरणबाट प्राप्त लाभको बाँडफाँड देहाय बमोजिम गरिनेछ

क) सामुदायिक वनको वन पैदावार बिक्री वितरण तथा वनस्रोतबाट प्राप्त रकम सामुदायिक वन उपभोक्ता समुहको साधारण सभाले तोकेबमोजिम बाँडफाँड गर्नेछ ।

ख लाभको वितरण गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (६२) को प्रावधान बमोजिम वन पैदावार विक्रि वितरणबाट प्राप्त आयको दश प्रतिशत रकम मोदी गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

२) सामुदायिक वनक्षेत्रका रुखहरु कटान आदेश बिक्री वितरण लगायतका व्यवस्था सम्बन्धमा प्रचलित संघिय तथा प्रदेश ऐन नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद ५
## सामुदायिक वनको स्वामित्व अधिकार तथा दायित्व

२६. सामुदायिक वनको रुपमा स्वामित्व प्राप्त गर्ने : (१) पररम्परागत रुपमा संरक्षण भोगचलन उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम नेपाल सरकार गण्डकी प्रदेश सरकार र मोदी गाउँपालिकाको सहमतिमा सामुदायिक वनको रुपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो व्यवस्थापन गर्ने अधिकार स्थानिय समुदायलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानिय समुदायको पूर्व सुसुचित मञ्जुरी विना सामुदायिक वन वा अन्य कुनै प्रयोजनको लागी मोदी गाउँपालिका अन्य कुनै व्यक्ति कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

(३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागी स्थानिय समुदायको हितमा असर नपर्ने मोदी गाउँपालिकाले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पर्नेछन।

२७ सामुदायिक वनमा स्थानिय समुदायको व्यवस्थापन जिम्मेवारी : (१) सामुदायिक वनमा स्थानिय समुदायले देहाय बमोजिमका वन सम्बन्धी कार्यहरु गर्नुपर्नेछ

क) स्थानिय समुदाय एक आपसमा भेला भई आफ्नो क्षेत्रको वनको दिगो व्यवस्थापन जैविक विविधताको संरक्षण सम्वर्द्धन प्रवर्द्धन वनपैदावारको विकास र उपयोग गर्नका लागी सामुदायिक वन व्यवस्थापन समुह गठन गर्ने ।

ख) सामुदायिक वन क्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको विकास संरक्षण व्यवस्थापन नियन्त्रण र उपयोगको कार्ययोजना निर्माण गर्ने ।

ग) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक स्रोत साधन र वन पैदावारहरु प्राप्त गर्ने समुदायले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वन क्षेत्रमा आवत जावत गर्ने र वनक्षेत्रमा व्यवस्थित चरीचरणको व्यवस्था गर्ने ।

घ) सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता समुदायको दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वन पैदावार गाउँपालिकाबाट अनुमति लिई मुल्य निर्धारण गरी बिक्री वितरण गर्ने ।

ङ) सामुदायिक वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्वन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा वापतको लाभ प्राप्त गर्ने ।

च) वनश्रोतको उपयोगबाट स्थानिय समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक आवश्यकताको पूर्ति गर्ने गरिवी निवारणमा टेवा पुर्याउने र सामुदायिक विकास गर्ने ।

छ) वनक्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुको संरक्षण व्यवस्थापन र सदुपयोग गर्ने ।

ज) सामुदायिक वनलाई निरन्तर रुपमा सामुदायिक वनकै रुपमा संरक्षण व्यवस्थापन र निरन्तरता दिने ।

झ) सामुदायिक वनको व्यवस्थापनको लागी सामुदायिक वन उपभोक्ता समुह सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरु गठन गर्ने र त्यस्तो उपसमितिहरुको काम कर्तव्य र अधिकारहरु निर्धारण गर्ने ।

ञ) सामुदायिक वन व्यवस्थापनको लागी आवश्यक कार्ययोजना निर्माण गरी गाउँपालिकामा पेश गर्ने ।

ट) वन संरक्षण, विकास र व्यवस्थापनका लागी गाउँपालिका, प्रदेश सरकार र नेपाल सरकारबाट आवश्यक बजेट तथा अन्य सहयोगहरु प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम संचालन गर्ने ।

ठ) वनसँग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सिप, दक्षताहरुको पहिचान गरी संरक्षण, आधुनिकिकरण, औद्योगिकिरण र बजारीकरणका लागी चाहिने वन पैदावारजन्य

कच्चा पदार्थहरु स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित बस्तुलाई उपभोग गर्ने र बजारमा बिक्री वितरण गरी लाभको समन्यायिक वितरण गर्ने ।

ड) वनलाई समय सापेक्ष रुपमा स्थानिय समुदायको जिविकोपार्जनमा टेवा पुर्याउने पर्यावरण, कृषी, वन, पशुपालन ,वन्यजन्तुपालन, जडिबुटी खेती, वनसँग सम्बन्धित इलम उद्यम, चिडियाखाना, वनउद्यान जस्ता वन उद्यम सम्बन्धी क्रियाकलापहरु संचालन गरी आर्थिक लाभ हासिल गर्ने।

ढ) वनको दिगो व्यवस्थापनद्धारा वन क्षेत्रको उत्पाकत्व बृद्धि गर्दै सामुदायिक वन क्षेत्रमा काठ र गैर काष्ठजन्य वन पैदावारको उत्पादन गर्ने वनपैदावारको अधिकतम उपयोगबाट घरेलु, साना, मझौला तथा लघु उद्यम आँफैले वा तेस्रो पक्षसँग सम्झौता गरी संचालन गर्न सक्नेछ ।त्यस्तो उद्यम वनको दिगो संरक्षण र व्यवस्थापनको साथै स्थानिय समुदायको आर्थिक उन्नतीमा टेवा पुर्याउने प्रकृतीको हुनुपर्नेछ ।

ण) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरी वनस्रोतको रुपमा व्यवस्थापन नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यम विकास गर्ने ।

त) वनको भौगोलिक बनौट भिरालोपन र माटोको किसिम अनुसार वन कार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्द्धन गोडमेल (हाँगा काँटछाँट,झाडी सफाई ,पतल्याउने र रुख कटान गर्ने ) पद्धती अपनाई वन विकास र संरक्षण गर्ने ।

थ) सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण भूदृष्य सौन्दर्य तथा कार्वन संचिति जस्ता वातावरणीय सेवाहरुको संभावनाको खोजी गरी वातावरणीय सेवा सुविधाको उपयोग गरेर आय आर्जनको अवधारणा लागु गर्ने ।

द) कार्वन संचिति जैविक विविधताको संरक्षण जलचक्र प्रणाली पर्यापर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिक प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

## परिच्छेद ६

## सार्वजनिक जग्गामा रहेको वन र निजी वन सम्बन्धी व्यवस्था

२६ सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था : (१) मोदी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको सार्वजनिक जग्गामा वन वाटिका, उद्यान ,हरित पार्क वा ग्रामिण वनको रुपमा वनको व्यवस्थापन, संरक्षण, विकास व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्रि विरतण गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिमको कामको लागी डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) सार्वजनिक जग्गामा लगाई हुर्काइएको वनलाई मोदी गाउँपालिकाको सहमतिमा स्थानिय समुदायले उपभोक्ता समुह गठन गरी सामुदायिक वनको रुपमा डिभिजन वन कार्यालयबाट

हस्तान्तरण गरी लिन र यस ऐन र वन सम्बन्धी प्रचलित संघिय तथा प्रदेश वन ऐन नियम बमोजिम व्यवस्थापन गर्न सक्नेछन ।

२७ सार्वजनिक स्थानमा रहेका रुख सम्बन्धी व्यवस्था : (१) कसैले राष्ट्रिय वन बाहेकका सार्वजनिक सडक, बाटो, नहर, कुलो किनारमा लगाएका तथा बाटो सडकमा छहारी पर्ने रुखहरु र चौतारा, सिंचाई, कुलोको मुहान, धार्मिक स्थल, अन्त्येष्टि वा समाधी स्थल वा त्यस्तै अन्य महत्वपुर्ण स्थानमा रहेका रुखहरु काट्न र मास्न पाईने छैन ।

(२) उपदफा (१) बमोजिमका रुखको संरक्षण र व्यवस्थापन गर्ने दायित्व मोदी गाउँपालिकाको हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनी यस दफा बमोजिमको रुख विरुवाको सम्र्वर्द्धन गर्न वा अन्य कुनै प्राकृतिक कारणले ढलेको, जोखिमयुक्त, सुकेको, बुढो तथा खडा रुखको हाँगा काठ दाउराको सदुपयोग तथा बिक्रि वितरण गर्ने व्यवस्था वन सम्बन्धी प्रचलित संघिय प्रदेश तथा यस ऐन बमोजिम हुनेछ ।

(४) सरकारी जग्गामा रहेका रुखहरु हटाउने सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

(५) सार्वजनिक स्थानमा रहेका वर, पिपल, समी लगायत चौतारोमा रहेका प्रजातीहरुको संरक्षण तथा व्यवस्थापन प्रचलित संघिय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

(६) यस दफामा माथी जुनसुकै कुरा उल्लेख भएतापनी घरबस्ती एवं खेतीयोग्य जग्गा वरीपरी रहेका रुखहरुको कारण घरबस्तीमा घाम नपर्ने, बाँदर लगायतका अन्य वन्यजन्तुको अतिक्रमण बढ्ने, कृषी बालीको उत्पादनमा प्रतिकुल असर पर्ने अवस्था भएमा सम्बन्धित वडा समितिको सिफारिस एवं मोदी गाउँकार्यपालिकाको अनुमति लिएर त्यस्ता घरबस्ति तथा खेतीयोग्य जमिनबाट पचास मिटर भित्रका रुखहरु कटान गर्न यस दफा बमोजिम बाधा परेको मानिने छैन। यसरी रुखहरु हटाउन स्वीकृती पाएमा सम्बन्धित व्यक्तिलाई गाउँपालिकाले आवश्यकता अनुसार सहयोग प्रदान गर्न सक्नेछ ।

२८ शैक्षिक संस्थाको रुख व्यवस्थापन सम्बन्धी व्यवस्था : (१) जग्गाधनी प्रमाणपूर्जा भएका सामुदायिक तथा संस्थागत विद्यालय, क्याम्पस जस्ता शैक्षिक संस्थाको परिसर वा जग्गामा रहेका रुखहरु हटाउनुपर्ने भएमा सम्बन्धित संस्थाको निर्णयको आधारमा डिभिजन वन अधिकृतले हटाउन स्वीकृती दिन सक्नेछ । यसरी रुखहरु हटाउन स्वीकृती पाएमा सम्बन्धित संस्थाले आफ्नै खर्चमा कटान, मुछान गरी आँफै प्रयोग गर्न वा प्रचलित कानुन बमोजिम लिलाम बिक्रि गरी आम्दानी उपयोग गर्न पाउनेछ ।

२९ जोखिम हुने रुखहरु हटाउने सम्बन्धी व्यवस्था : (१) वन व्यवस्थापन गरिने क्षेत्रभन्दा बाहिर रहेका सुकेका हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका, कोल्टे परेर रहेका रुखहरु नहटाएमा मानविय जनधन एवं भौतिक संरचनामा क्षति वा मानव वस्ती तथा आवामगनमा

जोखिम रहेको पाइएमा सम्बन्धित वडा कार्यालयले डिभिजन वन कार्यालयमा त्यस्ता रुखहरु हटाउन सिफारिस गर्नुपर्नेछ ।

(२) जोखिमयुक्त रुखहरु हटाउने सम्बन्धी व्यवस्था प्रचलित संघिय तथा प्रदेश ऐन, नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद ७
## कबुलियती वन, धार्मिक तथा सांस्कृतिक वनसम्बन्धी व्यवस्था

**२६. कबुलियती वन हस्तान्तरण गर्न सक्ने :** (१) गाउँपालिकाको विभिन्न बडा कार्यालयहरुले गरिबीको रेखामुनिका परिवार भनी पहिचान गरेका परिवारको समूहलाई गरिबी न्यूनीकरणका लागि कबुलियती वन हस्तान्तरण गर्न डिभिजन वन कार्यालय समक्ष सिफारिस दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको सिफारिसका आधारमा डिभिजन वन कार्यालयले गरिबीको रेखामुनीका परिवारको कबुलिती वन उपभोक्ता समूह गठन गर्न र कबुलियती बनको कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालनका लागि उक्त समूहलाई कबुलियती वनको रुपमा बनक्षेत्र उपलब्ध गराउन सक्नेछ।

(३) डिभिजन वन कार्यालयले उपदफा (२) बमोजिमको कबुलियती बनको विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र सोही आधारमा गाउँपालिकाले कबुलियती वन उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) कबुलिती वन उपभोक्ता समूहसम्बन्धी अन्य व्यवस्था बनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम हुनेछ ।

**२७. धार्मिक तथा सांस्कृतिक महत्वका वनहरुको संरक्षणः.** (१) गाउँपालिका भित्रका धार्मिक तथा सांस्कृतिक महत्वका बनहरुको संरक्षण र सदुपयोगका लागि धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन गर्न सकिनेछ ।

(२) धार्मिक तथा सांस्कृतिक बन उपभोक्ता समूह गठन र दर्ता गर्दा दफा (१३) र (१४) बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(३) सम्बन्धित धार्मिक तथा सांस्कृतिक समुदायले आफ्नो धर्म संस्कृतिसँग सम्बन्धित बन संरक्षण गर्न चाहेमा त्यस्तो बन सोही धार्मिक तथा सांस्कृतिक समूह वा समुदायलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(४) धार्मिक तथा सांस्कृतिक बनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि गाउँपालिकाको सम्बन्धित वडा कार्यालय सँगको समन्वयमा डिभिजन वन कार्यालयले प्राविधिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ८

## बनमा आधारित उद्यम विकास, पर्यापर्यटन र वातावरणीय सेवासम्बन्धी व्यवस्था

**२८. वन उद्यमको विकास गर्न सक्नेः** (१) गाउँपालिकामा रहेका वन उपभोक्ता समूहले उद्योग र वातावरण सम्बन्धी प्रचलित संघिय प्रदेश तथा यस ऐन बमोजिमका मापदण्डहरुको पालना गरी दफा (३१) बमोजिमका बन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन् ।

(२) गाउँपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन् ।

(३) सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा वन उद्यम स्थापना र सञ्चालन गर्न यस ऐन र वनसम्बन्धी प्रचलित सङ्घीय तथा प्रदेश कानून विपरित नहुने गरी उपभोक्ता समुहले गाउँपालिका, विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछन् ।

(४) सामुदायिक बन उपभोत्ता समूहले वन उद्यमका लागि वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा गाउँपालिकाले संघिय प्रदेश तथा यस ऐन बमोजिम आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**द्रष्टब्यः यस दफाको प्रयोजनाका लागि वन उद्यम बनाले लघु उद्यम, घरेलु उद्योग र बन सहकारी संस्था समेतलाई जनाउँछ ।**

**२९. पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी बनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्रभन्दा बढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन।

(३) बन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्ने छ ।

(४) बनमा आधारित पर्यापर्यटन कार्यक्रमका लागि उपभोक्ता समूहले गाउँपालिका वा विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ र उपभोक्ता समूहले यसरी अन्य पक्षसँग साझेदारी गरी पर्यापर्यटन कार्य सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर वा लगानी भएको हुनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वनसम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी आपसी सम्झौता गरी पर्यपर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(६) सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गरेको कुनै पर्यापर्यटन क्षेत्रमा स्वदेशी वा विदेशी व्यक्ति र यातायातका साधन प्रवेश गर्दा साधारण सभाको निर्णय बमोजिमको प्रवेश शुल्क संकलन गर्न

सक्नेछ ।तर उपभोक्ता समूहका सदस्यहरुसँग यस्तो प्रवेश शुल्क लिन पाइने छैन ।त्यस्तो शुल्क गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था प्रतिकुल हुनेगरी निर्धारण गर्न पाईने छैन ।

(७) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानी मध्ये २५ प्रतिशत मोदी गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्नेछ र बाँकी २५ प्रतिशत पर्यापर्यटन प्रवर्धन तथा पचास प्रतिशत रकम महिला र विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्न अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**३०. सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्:** (१) सामुदायिक वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखाना वा बन्यजन्तु उद्दार केन्द्र स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी कार्यहरु गर्न सक्नेछन् ।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने विक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरु प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

(३) सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई गाउँपालिका र डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

३१ वन पैदावारमा आधारित उद्योग सम्बन्धी अन्य व्यवस्था : (१) सामुदायिक वनस्रोतको उपयोग गरी सामुदायिक वन उपभोक्ता समुह आँफैले वा स्थानिय सरकार प्रदेश सरकार र नेपाल सरकार वा निजी क्षेत्र सँग सम्झौता वा साझेदारी गरी वा तेस्रो पक्षसँग सम्झौता गरी देहाय बमोजिमका वन पैदावारमा आधारित उद्यमहरु व्यावसायिक रुपमा संचालन गर्न सक्नेछ ।

क) गाउँकार्यपालिकाको अनुमति लिएर सामुदायिक वन उपभोक्ता समुहहरु र दोस्रो पक्ष समेतको लगानीमा काठ चिरान मिल स्थापना गर्ने ।

ख) गाउँपालिकाको स्वीकृतीमा घरेलु लघु तथा साना फर्निचर उद्योगहरु संचालन गर्न सक्ने

ग) गैर काष्ठ उद्योग तथा काष्ठकलाका उद्यमहरु संचालन गर्ने ।

घ) वनपैदावारमा आधारित रोजगारमुलक उद्यमहरु संचालन गर्ने ।

ङ)) प्रचलित कानुन बमोजिमको निकायमा दर्ता गरी जडिबुटी संकलन तथा प्रशोधन उद्योगहरु संचालन गर्ने।

च) वनका पात पतिंगरलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्नेगरी कम्पोष्ट मल उत्पादन गर्ने उद्योग संचालन गर्ने।

छ) मनोरञ्जन तथा पर्यापर्यटनलाई प्रवर्द्धन गर्न वन बाटिका वा वन उद्यान स्थापन तथा संचालन गर्ने ।

ज) वनको संरक्षणमा प्रतिकुल असर नपर्नेगरी चरीचरनको उपयोगमा आधारित पशुपालन व्यावसाय संचालन गर्ने।

झ). नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले प्रतिवन्ध लगाएका वाहेकका चौपाया वा दोपाया वा पंक्षी पालन गर्ने।

ञ) वनको व्यवस्थापनमा उपयोगी हुने बोट बिरुवा उत्पादन गर्ने वन नर्सरी संचालन गर्ने ।

ट). खोटो संकलन तथा प्रशोधन गर्ने उद्योगको स्थापना र संचालन गर्ने ।

ठ) कन्दमुल फलफूल जस्ता कृषी उपज संकलन तथा प्रशोधन गर्ने उद्यम संचालन गर्ने।

ड) स्थानिय महिलाहरुको आयआर्जनमा टेवा पुग्ने दुना,टपरी,बाँस, निगालो, चोयामा आधारित उद्योग स्थापना र संचालन गर्ने।

ढ) वनपैदावारलाई कच्चा पदार्थको रुपमा प्रयोग गरिने परम्परागत उद्यमहरुको संचालन गर्ने।

ण) पर्यटकिय रुपले महत्वपुर्ण गन्तव्य तथा पदमार्गहरुमा पर्ने सामुदायिक वन क्षेत्रमा रहेका खाली जग्गामा होटल रेष्टुरेण्ट लगायतका पर्यटन पूर्वाधार विकास गर्न उपभोक्ता समुह वा निजी क्षेत्रलाई वन क्षेत्रको अतिक्रमण तथा वन विनास नहुने सुनिश्चितता भएमा प्रचलित कानुनी व्यवस्था बमोजिमको अवधीसम्मको लागी जग्गा लिजमा वा भाडामा दिन सकिनेछ ।

२) सामुदायिक वन उपभोक्ता समुहहरु र स्थानिय सरकारको स्वलगानी र स्वामित्व एवं सहलगानीमा संचालन हुने काठ चिरान मिल तथा फर्निचर उद्योगहरु सामुदायिक वन क्षेत्र बाहिर निजी जग्गामा स्थापना तथा संचालन गर्दा अन्य कुनै मापदण्ड लाग्ने छैन ।

३) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वन क्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, वन्यजन्तुको पालन लगायत अन्य वन पैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरु व्यावसायिक रुपमा विक्रि वितरण गर्न सक्नेछन।

४) यस परिच्छेदमा उल्लेख भए बमोजिम वनक्षेत्रमा व्यावसायिक रुपमा गरिने वनमा आधारित उद्यमहरुको संचालन गर्नुपूर्व अनिवार्य रुपमा गाउँपालिकाबाट पूर्वस्वीकृती एवं संचालन अनुमती लिनुपर्नेछ ।

**३१. सामुदायिक घरवास (होम स्टे)** (१) पर्यापर्यटन प्रबर्धन गर्नेगरी होम स्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले गाउँपालिकामा सामुदायिक होम स्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

(२) सामुदायिक होम स्टे सञ्चालन सम्बन्धी संघिय तथा प्रदेश ऐन नियमावली तथा कार्यविधिहरुको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत कार्ययोजना अनुसार गाउँपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

**३२. जलाधार संरक्षण** (१) गाउँपालिकाले आफनो क्षेत्रमा रहेका जलाधारहरुको पहिचान गरी नक्शासहितको विवरण राख्नु पर्नेछ ।

(२) गाउँपालिका क्षेत्रमा रहेका जलाधारहरुको संरक्षणसम्बन्धी कार्यहरु सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट गरिने छ ।

(३) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका, डिभिजन वन कार्यालय तथा जलाधार सम्बन्धी क्षेत्र हेर्ने सम्बन्धित निकायले आवश्यक प्राविधिक तथा आर्थिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) जलाधार क्षेत्रको संरक्षणका माध्यमबाट जलस्रोत लगायतको संरक्षणमा उपभोक्ता समूहले पुर्याएको योगदान वापत जलस्रोत लगायतका स्रोत उपभोग गर्ने विभिन्न निकाय, संघ संस्था, उद्योग लगायतका पक्षहरुले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरु उपलब्ध गराउन सक्नेछन्।

(५) उपदफा (४) को प्रयोजनका लागि जलाधार संरक्षण गर्ने उपभोक्ता समूह र जलाधार संरक्षणबाट लाभ पाउने पक्षका बीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

**३३. जैविक मार्गको व्यवस्थापन** (१) गाउपालिकामा बन्यजन्तु र चाराचुरुङ्गीहरुको आवत जावत गर्ने जैविक मार्गको रुपमा रहेका वन क्षेत्रहरु तथा घाँटी क्षेत्र (Bottle Neck Area) को पहिचान तथा संरक्षण सामुदायिक बनको दिगो व्यवस्थापनको माध्यमवाट गरिनेछ ।त्यस्ता महत्वपुर्ण जैविक मार्गहरुमा कुनै पनि प्रकारको अवरोध सृजना गर्न पाईनेछैन ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि उपभोक्ता समूहलाई गाउँपालिका र डिभिजन वन कार्यालयले प्राविधिक, आर्थिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) जैविक मार्गमा पर्ने वन क्षेत्रमा आश्रित समुदायलाई जैविक मार्गको वन पैदावार उपयोग गर्नबाट वन्चित गरिने छैन ।

(४) जैविक मार्गमा बन्यजन्तुको प्रभावबाट सुरक्षित रहनका लागि उपभोक्ता समूह र गाउँपालिकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपायहरु अवलम्बन गर्न गराउन सक्नेछ ।

**३४. मानव-वन्यजन्तु इन्द्र व्यवस्थापन र राहत वितरण** (१) गाउपालिका र डिभिजन वन कार्यालयका साथै सम्बन्धित वन उपभोक्ता समूहले वन्यजन्तुबाट हुने जनधनको अति कम हुने कार्यक्रमहरु संचालन गर्नु पर्नेछ।वन्यजन्तुको अतिक्रमणबाट हुने क्षतिको क्षतिपूर्ति सम्बन्धमा प्रचलित संघिय तथा प्रदेश ऐन नियमावली बमोजिम हुनेछ ।

(२) बन्यजन्तुबाट कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति बापत पिडितलाई नेपाल सरकार र प्रदेश सरकारने उपलब्ध गराउने राहतका अतिरिक्त गाउँपालिका र बन उपभोक्ता समुहले थप राहत प्रदान गर्न सक्नेछ ।

(३) गाउपालिकाले वन्यजन्तुबाट प्रभावित व्यक्ति तथा परिवारलाई राहत प्रदान गर्ने र मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनका कार्यक्रमहरु सञ्चालनका लागि एक राहत कोपको स्थापना र संचालन गर्न सक्नेछ

(४) मानव वन्यजन्तु द्वन्द्वबाट प्रभावित व्यक्तिहरुको जीउधनको सुरक्षाका लागि जीवन बीमा तथा निर्जीवन बीमा गर्नका लागि गाउँपालिका र डिभिजन वन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) उपभोक्ता समुह तथा गाउँपालिकाले वन्यजन्तुलाई वन क्षेत्रमा नै बसोवास एवं विचरण गर्ने अवस्था सिर्जना गर्नका लागि सामुदायिक वन लगायतका जैविक मार्गमा पानी पोखरी निर्माण, वन्यजन्तुको लागी नयाँ फलफुलको बोटबिरुवा बृक्षारोषण, जंगली फलफूलका विरुवा संरक्षण, घाँसे क्षेत्रहरुको संरक्षण जस्ता कार्यहरु गर्नुपर्नेछ र सोको लागी आवश्यकता अनुसार डिभिजन वन कार्यालय सँग प्राविधिक एवं आर्थिक सहयोग माग गर्न सकिनेछ ।

(६) नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारले कृषि तथा घरपालुवा जनावरका लागि हानिकारक वन्यजन्तु भनी घोषणा गरेका तथा संरक्षित वन्यजन्तुको सुचीबाट हटाइएका बन्यजन्तुहरु घर गोठ तथा खेतवारीमा आई जनधनको क्षति गर्ने अवस्था देखिएमा त्यस्ता बन्यजन्तुहरुलाई धपाउन तथा आवश्यकता अनुसार नियन्त्रणमा लिई डिभिजन वन कार्यालयमा बुझाउन सकिनेछ ।

**३५. सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन** (१) गाउँपालिकाको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग गर्दा सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट गरिने छ ।

(२) चरन क्षेत्र भन्दा बाहिर रहेका सिमसारहरुको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समूह वा जल उपभोक्ता संमुह गठन गर्न सकिनेछ ।

(३) सिमसार उपभोक्ता समुह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समुह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि गाउँपालिका र डिभिजन वन कार्यालयले आवश्यक समन्वय तथा सहकार्य गरी प्राविधिक, आर्थिक र अन्य अत्यावश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) उपभोक्ता समुहले व्यबस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका जलचरको संरक्षण तथा विक्री वितरणका लागि उपभोक्ता समूहले गाउँपालिकाबाट स्वीकृती लिएर आवश्यक व्यवस्था गर्न सक्ने छ ।

(६) उपदफा (५) बमोजिमको स्वीकृती लिने प्रयोजनको लागी कार्ययोजना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

**(३६) सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले बन समबन्धि प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो क्षेत्रभित्र पहिचान भएका सार्वजनिक जग्गामा सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट बनको बिकास, संरक्षण, व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कामका लागि गाउँपालिका र डिभिजन वन कार्यालयले उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) सार्वजनिक जग्गामा गरिएको सामुदायिक वन व्यवस्थापनबाट प्राप्त वन पैदावार सम्बन्धित उपभोक्ता समूहले उपयोग तथा बिक्री बितरण गर्न सक्नेछ ।
४) सडक र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा वा यस्तै प्रकृतिका अन्य ठाउँमा लगाइएका रुखहरुले मानवीय जोखिम सिर्जना गर्ने भएमा वा अन्य कुनै कारणले काट्न वा हटाउन पर्ने भएमा गाउँपालिकाले सडक र वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता रुखहरु काट्न बा हटाउन सक्नेछ ।
(५) वातावरण संरक्षण तथा पर्यावरणीय स्वच्छताका लागी महत्वपुर्ण सडक सौन्दर्यका लागी लगाईएका रुखहरु तथा परम्परागत बरपिपलका चौपारीहरु जोखिम सृजना गर्ने अवस्था भनी प्रमाणित भएकोमा बाहेक सामान्यतया हटाउन पाईनेछैन ।
(६) उपदफा (४) बमोजिमका काठ विक्री वितरणबाट प्राप्त रकम गाउपालिकाको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।
**३७.शहरी बनको विकास र व्यवस्थापनः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा शहरी बनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम स्थापना हुने शहरी बनको विकासको लागि गाउँपालिका र डिभिजन वन कार्यालयले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछन।
(३) उपदफा (१) बमोजिम स्थापना हुने शहरी वनको वन पैदावार गाउँपालिकासँगको समन्वयमा सम्बन्धित उपभोक्ता समूहले समुह वा समुदायको हित हुने कार्यको लागि प्रयोग गर्न सक्नेछ ।
(४) शहरी वनको व्यवस्थापनबाट प्राप्त लाभको बाँडफाँडका सम्बन्धमा गाउँपालिका र उपभोक्ता समूहका बीचमा सम्झौता वा सहमती गरी पचास प्रतिशतका दरले लाभको बाँडफाँड गर्नुपर्नेछ ।
**३८.उद्यान घोषणा गर्न सक्ने** (१) गाउपालिकाले सम्बन्धित वन उपभोक्ता समूहसँगको समन्वयमा वन क्षेत्रको कुनै उपयुक्त भागलाई बन उद्यान तथा प्राणी उद्यान घोषणा गरी वन उपभोक्ता समूह मार्फत उद्यान निर्माण र सञ्चालन गर्न सक्नेछ ।
(२) सामुदायिक वन क्षेत्रमा स्थापना र सञ्चालन गरिने बन उद्यान तथा प्राणी उद्यान सम्बन्धित उपभोक्ता समूह मार्फत सञ्चालन गर्नुपर्नेछ ।
**३९. वातावरणीय सेवाको व्यवस्थापनः** वन क्षेत्रबाट हुने कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरण बाहेकका जलस्रोत संरक्षण, जैविक विविधता सरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने बन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन व्यवस्थापन योजना वा विशेष कार्ययोजनामा व्यवस्था गरी वातावरणीय सेवाको व्यवस्थापन र सदुपयोग गर्न सक्नेछन् ।
**४०. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजनाः** (१) गाउँपालिकामा जलवायु परिवर्तनका

कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरको जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वयन गर्न सक्नेछ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलबायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ र यस कार्यका लागि डिभिजन वन कार्यालय सँग आवश्यक सहयोग माग गर्न सकिनेछ।

(३) जलबायु परिवर्तन न्यूनीकरणका लागि गाउँपालिकामा जलवायुमैत्री संरचनाको निर्माण, यातायातका साधनहरुबाट हुने उत्सर्जन न्यूनीकरण र वन क्षेत्रको विकासका माध्यमबाट कार्बन उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(४) आगलागी लगायतका कार्यहरुबाट हुने वन विनास तथा वन क्षयीकरण नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने बन उपभोक्ता समूहलाई सो वापत प्राप्त हुने लाभ उपलब्ध गराउन वा पुरस्कृत गर्नका लागि गाउँपालिकाले डिभिजन वन कार्यालय सँग आवश्यक समन्वय गर्न सक्नेछ।

**४१. वन डढेलो नियन्त्रण** (१) गाउँपालिका क्षेत्रको कुनै बनमा वन डढेलो लागेमा गाउँपालिका, डिभिजन वन कार्यालय, सुरक्षा निकाय, सम्बन्धित बन उपभोक्ता समूह र निजी जग्गावालाहरु समेतको पहलमा बन डढेलो नियन्त्रण गर्नु पर्नेछ ।

(२) गाउपालिकाले बन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूह मार्फत सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरु गर्नु पर्नेछ । गाउँपालिका सँगको समन्वयमा उपभोक्ता समुहले वन डडेलो नियन्त्रणका लागी निर्माण गरिएको अग्नि नियन्त्रण टोलीको परिचालन गर्नुपर्नेछ।

(३) वन डढेलो नियन्त्रणमा खटिने कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्यांकन गरी गाउँपालिका र सम्बन्धित उपभोक्ता समूहले राहत तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(४) बन डढेलोका कारण वा वन डढेलो नियन्त्रण गर्ने क्रममा कुनै व्याक्ति घाइते वा मृत्यु भएमा त्यस्ता व्यक्तिले बीमा रकम पाउने गरी ग़ाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको सहकार्यमा सामुहिक बीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यस कार्यमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपालले समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(५) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदा हुँदै लापरवाही गरी बनमा आगो लगाएमा वन सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम कारवाही र दण्ड सजायको लागी सम्बन्धित निकायमा लेखि पठाईनेछ।

**४२. स्थानीय वातावरण संरक्षण सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले वातावरण संरक्षण योजना तर्जुमा र कार्यान्वन गर्दा सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय र सहकार्य गर्नु पर्नेछ।

(२) गाउँपालिकामा रहेको वन क्षेत्र, नदी, खोलानाला, सार्वजनिक जग्गा र अन्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा रहेका क्षेत्रहरुमा फोहरमैला विसर्जन गर्न गराउन पाइने छैन ।

(३) गाउँपालिकाको क्षेत्रभित्रका लोकमार्ग तथा सहायकमार्गहरुमा यात्रुवाहक सवारी साधनबाट जथाभावी फोहोरहरु फयाँक्न पाईनेछैन ।जथाभावी फोहोर फाल्ने व्यक्ति वा सवारीधनीलाई गाउँपालिकाको प्रचलित ऐन नियम कानुन जरिवाना गरिनेछ ।

(४) गाउँपालिकामा वातावरण संरक्षणका कार्यहरु गर्दा सामुदायिक बनका माध्यमवाट गर्नु पर्नेछ ।

**४३. बृक्षारोपण कार्यक्रम संचालनः** (१) गाउँपालिकाले प्रत्येक वडामा उपभोक्ता समुह वा वन सहकारी संस्था वा बन उद्यमको माध्यमबाट कम्तिमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिने नर्सरीमा रोजगारी प्रदान गर्दा सम्बन्धित क्षेत्रमा रहेका विपन्न र सिमान्तकृत एवं गरिब घर परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रणालीमैत्री विरुवाहरुको उत्पादन र विक्रि वितरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(४) वन उपभोक्ता समूह, किसान तथा निजी व्यावसायीहरुलाई निःशुल्क वा न्यूनतम् शुल्कमा विरुवा उपलब्ध गराई वन क्षेत्र, नदी किनार, नदी उकास क्षेत्र, नहर किनार, सडक किनार, सार्वजनिक जग्गा, खाली जग्गा, पाखो जग्गा, बन बिनाम भएको क्षेत्र र निजी जग्गामा वृक्षारोपणका लागि गाउँपालिकाले अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गर्नुपर्नेछ ।सार्वजनिक जग्गामा वृक्षारोपणका लागी गाउँपालिकाले डिभिजन वन कार्यालयसँग आवश्यक समन्वय एवं सहकार्य गर्नसक्नेछ ।

(५) गाउँपालिकामा फैलिएका मिचाहा प्रजाती नियन्त्रण गरी वा हटाई उक्त क्षेत्रमा वृक्षारोपण गर्न चाहने वन उपभोक्ता समूह वा निजी जग्गावालालाई गाउँपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**४४. जडीबुटी खेती तथा गैरकाष्ठ वन पैदावार प्रवर्धनः** (१) गाउँपालिका र डिभिजन कार्यालयले सामुदायिक वन लगायतका वन क्षेत्र र निजी जग्गामा सुगन्धित वनस्पति, औषधीजन्य जडीबुटी तथा अन्य जडीबुटी खेति र गैरकाष्ठ वन पैदावारको पहिचान र प्रवद्धनका लागि प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रमा उत्पादित जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको भण्डार, प्रशोधन र बजारीकरणका लागि आवश्यक पूर्वाधारको विकासको लागी आवश्यक कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।गैरकाष्ठ वन पैदावार तथा जडिबुटीको बजारीकरणको लागी वन सहकारी वा अन्य सहकारी सँग गाउँपालिकाले आवश्यक सहकार्य गर्नसक्नेछ ।

**४५. कृषि वन प्रवर्धन :** (१) गाउँपालिकामा रहेका सामुदायिक वन लगायतका वन क्षेत्र, सार्वजनिक जग्गा र निजी बन तथा निजी जग्गाहरुमा कृषि वन विकास गर्न ईच्छुक व्यक्ति तथा समुहलाई गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।कृषी वन पर्वद्धनका लागी गाउँपालिकाले डिभिजन वन कार्यालयसँग आवश्यक समन्वय गर्न सक्नेछ ।

(२) सामुदायिक बनमा कृषि बन कार्यक्रम सञ्चालन गर्दा बन क्षेत्रको जैविक विविधता संरक्षण हुने गरी र एउटै विरुवाले लामो समय उत्पादन दिने प्रकृतिका वनजन्य तथा कृषिजन्य पैदावारहरु लगाउन प्राथमिकता दिनु पर्नेछ ।

(३) गरिवीको रेखामुनी रहेका परिवारलाई उपलब्ध गराइएको सामुदायिक बनको क्षेत्रमा कृषि बनका कार्यहरु गर्दा वर्षमा एक पटक मात्र खनजोत गर्नुपर्ने प्रकृतिका कृषिजन्य पैदावारहरु लगाउन सकिनेछ।

**४६. बनजन्य बीउको उत्पादन सम्बन्धी व्यवस्था :** बन बीउको उत्पादन, विक्री वितरण र निर्यातका लागि गाउँपालिकामा पाइने वन पैदावारका बीउहरुको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी बन उपभोक्ता समूह र निजी बनवालाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउन सकिने छ ।

**४७. वनजन्य खाद्य वस्तु तथा कन्दमूलको सदुपयोगः** (१) उपभोक्ता समुहले गाउँपालिकाको सामुदायिक वन लगायतका वन क्षेत्रमा बनको घनत्व नविग्रने गरी र वातावरण तथा जैविक विविधताको संरक्षण हुने गरी बन क्षेत्रबाट उपलब्ध हुनसने वनजन्य खाद्य वस्तु तथा कन्दमूल संकलन र विक्री वितरण गर्न सक्नेछ ।

(२) गाउँपालिकामा विशेष पहिचान तथा महत्व भएका बनजन्य खाद्य वस्तु तथा कन्दमूलको दिगो संकलन र सदुपयोग तथा बजारीकरणका लागि विपन्न परिवार र यस्ता वस्तुको बारेमा परम्परागत ज्ञान भएका परिवारलाई प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**४८.चरन तथा खर्क व्यवस्थापनः** (१) गाउँपालिकामा रहेका सामुदायिक वनमा पशुहरुको चरीचरन व्यवस्थापनका लागि उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी चरीचरन व्यवस्थापन गर्न सकिनेछ ।

(२) सामुदायिक वन बाहेकका अन्य वन क्षेत्र वा सार्वजनिक जग्गामा चरीचरन व्यवस्थापनका लागि गाउँपालिकाले गोठाला तथा पशुपालक परिवार वा समूहसँग परामर्श गरी चरीचरन गराउने क्रममा पालन गर्नुपर्ने नियमहरु बनाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम चरीचरनका नियमहरु बनाउँदा आदिवासी जनजाति र स्थानीय समुदायको उद्यौली उभौली लगायतका प्रथाजनित अभ्यासको सम्मान गर्नु पर्नेछ।

(४) खर्क जग्गा उपयोग गरी चरीचरन र वन पैदावारको उपयोग गर्दै आएका स्थानीय वासिन्दाको प्रथाजनित अभ्यासलाई सम्मान र संरक्षण गर्दै गाउँपालिका र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले खर्क जग्गाहरुको दिगो व्यवस्थापनका लागि आवश्यक नियमहरु बनाउन सक्नेछ।

**४९.वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवद्धधनः** (१) गाउँपालिकाको क्षेत्रभित्र आदिवासी, जनजाति, दलित तथा सिमान्तकृत समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका वनसम्बन्धी प्रथाजनित अभ्यासहरुको प्रवर्धनका लागि सामुदायिक बन र अन्य विभिन्न वन व्यवस्थापन प्रणालीको कार्ययोजनामा आवश्यक व्यवस्थाहरु समावेश गर्नु पर्नेछ।

(२) सामुदायिक वन तथा अन्य वन व्यवस्थापन प्रणालीका कार्ययोजनाहरुमा उल्लेखित वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवद्धनका लागि सम्बन्धित बन उपभोक्ता समूह र गाउँपालिकाले आवश्यक स्रोत साधान र सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) **सामुदायिक वन बाहेकका क्षेत्रहरुमा कुनै प्रथाजनित संस्थाले वन संरक्षण तथा सदुपयोग गर्दै आएको भएमा उक्त वन क्षेत्र सोही प्रथाजनित संस्थाले व्यवस्थापन गर्न सक्नेछ ।**

**५०. वनसम्बन्धी परम्परागत ज्ञानको संरक्षण र प्रवर्धन :** (१) गाउँपालिकामा बन व्यवस्थापन गर्दा वन स्रोतमाथिको आदिवासी जनजाति, दलित, सिमान्तकृत वर्ग ,महिला, अपांग, गरिव घरपरिवार तथा स्थानीय समुदायको अधिकार संरक्षण गर्नुपर्नेछ ।

(२) बनसम्बन्धी कुनैपनि कार्यहरु गर्दा र वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको स्थाने तथा परम्परागत ज्ञानको पूर्ण रुपमा सम्मान, संरक्षण संवर्द्धन र प्रवर्धन गर्नुपर्नेछ ।

(३) वन व्यवस्थापन गर्दा र वन बोत परिचालन गर्दा बनमा आश्रित जीविकोपार्जनको अधिकारबाट कसैलाई पनि बद्धित गर्न पाइने छैन।

(४) गाउँपालिका भित्रका आदीबासी जनजाती दलित सिमान्तकृत तथा फिरन्ते समुदाय सँग रहेका वन तथा जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण तथा सदुपयोगसँग सम्बन्धित परम्परागत ज्ञानको संरक्षण र प्रवर्धनका लागि गाउँपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ।

## परिच्छेद ९

## निजी वनसम्बन्धी व्यवस्था

**५१. निजी वन दर्ता सम्बन्धी व्यवस्था** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति संस्था वा कम्पनीले निजी वन दर्ताको सिफारिसको लागि डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका कागजात संलग्न गर्नुपर्नेछ ।

क) जग्गाधनि प्रमाणपुर्जाको छायाँप्रति ।

ख) सम्पती कर वा भूमीकर वा मालपोत तिरेको रसिदको छायाँप्रति ।

ग) नापी कार्यालयबाट प्रमाणित गरिएको नक्साको सक्कल प्रति ।

घ) नागरिकताको प्रमाणपत्रको छायाँप्रति ।

ङ) संस्था वा कम्पनीको हकमा संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको छायाँप्रति, संस्था वा कम्पनीको नविकरण गरेको प्रमाण, मुल्य अभिबृद्धि कर वा स्थायी लेखा दर्ता प्रमाणपत्रको छायाँप्रति तथा कम्पनी वा संस्थाको विधान वा प्रबन्धपत्र / नियमावलीको छायाँप्रति पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएको निवेदन उपर डिभिजन वन कार्यालयले प्रचलित ऐन, कानुन बमोजिम आवश्यक जाँचबुझ गरी त्यस्तो निजी वन दर्ता गर्न उपर्युक्त देखेमा जाँचबुझ प्रतिवेदन संलग्न राखी सिफारिस सहित निजी वन दर्ताको लागि गाउँपालिकामा लेखि पठाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको प्रतिवेदन सहितको सिफारिस पत्र समेतको आधारमा गाउँपालिकाले त्यस्तो निजी वन दर्ता गरी तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(५) उपदफा (४) बमोजिम निजी वन दर्ता गरेको विवरण सहितको जानकारी गाउँपालिकाले डिभिजन वन कार्यालयलाई गराउनुपर्नेछ । दर्ता भएका निजी वनको अद्यावधिक लगत मोदी गाउँपालिका र डिभिजन वन कार्यालयले राख्नुपर्नेछ ।

(६) यस दफा बमोजिम दर्ता गराएका निजी वन धनीले आँफुले दर्ता गराएको वनको विवरण हरेक पाँच पाँच वर्षमा मोदी गाउँपालिकामा अद्यावधिक गराउनुपर्नेछ ।

**५२. निजी वनको व्यवस्थापन र वन पैदावार परिचालनः** (१) निजी बनको धनीले दफा (५१) बमोजिम दर्ता भएको निजी वनमा प्रचलित कानुनको अधिनमा रहि कृषी वन जडिबुटी खेती, वन्यजन्तु पालन वा पर्यापर्यटन क्रियाकलाप समेत संचालन गर्न र त्यस्तो निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा औषधीजन्य सुगन्धित वा बहुपयोगी र आर्थिक दृष्टिले तुलनात्मक लाभ भएका प्रजातीहरु वृक्षारोपण गरी निजी वनको वन पैदावारको उपयोग गर्न वा प्रचलित कानुन बमोजिम मुल्य निर्धारण गरी कटान तथा विक्री वितरण गर्न सक्नेछ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको प्रयोजनको लागि गाउँपालिका र डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्ने छ।

३ व्यक्ति वा निजी संस्थाको बिचमा निजी वन तथा वन पैदावार उपयोग सम्बन्धी विवाद भएमा मोदी गाउँपालिकाबाट र सार्वजनिक तथा सरकारी जग्गा सँग सम्बन्धित भएमा प्रचलित कानुन बमोजिम विवादको न्यायिक निरुपण हुनेछ ।

५३ निजी वन तथा निजी आवादीको वन पैदावार ओसारपसार : (१) घरायसी प्रयोजनका लागी निजी वन वा निजी आवादी जग्गामा रहेका रुख कटान संकलन वा प्रशोधन गरी काठ, दाउरा मोदी गाउपाँपालिकाबाट जिल्लाभित्रको अर्को गाउँपालिका वा नगरपालिकामा ओसारपसार गर्नुपरेमा मोदी गाउँपालिका गाउँ कार्यषालिकाको कार्यालयबाट अनुमति लिनुपर्नेछ ।

(२) घरायसी प्रयोजनको लागी मोदी गाउँपालिका क्षेत्र भित्रका निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको कटान, संकलन, ओसारपसार तथा प्रशोधन गरी उपयोग गर्न सम्बन्धित वडा कार्यालयमा अनुमतिका लागी निवेदन पेश गर्नुपर्नेछ र त्यसरी निवेदन प्राप्त भएमा सम्बन्धित वडा कार्यालयले त्यस्तो अनुमती दिनुपर्नेछ ।

(३) व्यावसायिक प्रयोजनको लागी निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको संकलन तथा ओसारपसार गर्नुपरेमा मोदी गाउँपालिकाको स्वीकृती लिनुपर्नेछ र त्यस्तो स्वीकृतीको जानकारी गाउँपालिकाले डिभिजन वन कार्यालयलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनी व्यावसायिक प्रयोजनको लागी मोदी गाउँपालिकाबाट जिल्लाबाहिरको अर्को गाउँपालिका वा नगरपालिकामा वन पैदावारको ओसारपसार गर्नुपरेमा डिभिजन वन कार्यालयबाट अनुमति लिनुपर्नेछ ।

(५) यस दफा बमोजिम निजी वन वा निजी आवादीबाट काठ दाउरा संकलन गर्ने अवधि प्रत्येक वर्ष असोज महिनाको एक गतेदेखि जेठ मसान्त सम्म हुनेछ । तर कुनै किसिमको विपद परी निजी वन वा निजी जग्गाको वन पैदावार संकलन गरी सुरक्षित स्थानमा राख्न यस दफाले बाधा पुर्याएको मानिने छैन ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी निजी वन वा निजी आवादीमा उत्पादित गोलिया काठ हुने बाहेकका दाउरा, फलफूल, डालेघाँस र बाँस कटान संकलन ओसारपसार बिक्री र प्रयोगमा कुनै पनि निकायबाट ईजाजत लिनुपर्ने छैन ।

(७) यस दफा बमोजिम उत्पादित काठ दाउरा गैर कानुनी रुपमा कटान मुछान ओसारपसार चिरान वा प्रयोग गरेको सम्बन्धमा सम्बन्धित सव डिभिजन वन कार्यालये अनुगमन तथा प्रचलित कानुन बमोजिम जाँचबुझ गर्न सक्नेछ ।

(८) निजी वन तथा निजी आवादीमा रहेका वन पैदावारको संकलन ओसारपसार तथा बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था प्रचलित संघिय तथा प्रदेश ऐन नियमावली बमोजिम हुनेछ ।

(९) निजी बनको धनीलाई निजी वन विकास, कृषि बन तथा जडीबुटी खेती एवं गैरकाष्ठ वन पैदावार प्रवर्धनका लागि गाउँपालिकाबाट उत्प्रेरणात्मक सहयोग स्वरुप विशेष सुविधा छुट विमा अनुदान लगायतका आर्थिक तथा प्राविधिक सहुलिएत सुविधाहरु उपलब्ध गराउन सक्नेछ।

५३. **निजी वनमा बन्यजन्तु पालन** (१) कुनै निजी बनको धनिले गाउँपालिका तथा डिभिजन वन कार्यालयको सिफारिस एवं वन तथा वन्यजन्तु सम्बन्धी स्वीकृती लिई बन तथा वन्यजन्तु सम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून र मापदण्डको अधीनमा रही आफ्नो निजी वनमा संरक्षित वन्यजन्तु बाहेकका बन्यजन्तु तथा पन्छी समेत पालन गर्न सक्ने छ ।

(२) कुनै निजी बनधनीले उपदफा (१) बमोजिमका कार्यहरु गरेको भएमा सोको जानकारी गाउँपालिकामा गराउनु पर्नेछ र उत्क्त वन्यजन्तु तथा पन्छीमा कुनै रोग देखा परेमा तत्काल डिभिजन वन कार्यालय, पशु विकास कार्यालय र अन्य सम्बन्धित निकायको सहयोगमा रोकथाम तथा नियन्त्रण गर्नुपर्नेछ ।

## परिच्छेद १०

## वनसम्बन्धी कसुरको जाँचवुझ सम्बन्धी कार्यविधि र दण्ड सजाय सम्बन्धी व्यवस्था

**५४. वनसम्बन्धी कसुरको जाँचबुझ सम्बन्धी कार्यविधिः** गाउँपालिकाको क्षेत्रभित्र हुने वन, बन्यजन्तु तथा वातावरणसम्बन्धी कसुरको जाँचबुझसम्बन्धी कार्यविधिका सम्बन्धमा वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

**५५. दण्ड सजायः** गाउँपालिकाको क्षेत्रभित्र हुने बन, बन्यजन्तु तथा वातावरणमम्बन्धी कसुरमा वन, वन्यजन्तु तथा बातावरणसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम दण्ड सजाय हुनेछ।

## परिच्छेद ११
## वनसम्बन्धी संस्थागत व्यवस्था

**५६. नेपाल सरकार र प्रदेश सरकारको भूमिकाः** यो ऐन कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारले आवश्यक सहयोग र स्रोत साधन उपलब्ध गराउन सक्ने छ ।

**५७. वन परिषदको गठन** (१) वन अधिकार प्राप्त गर्ने स्थानिय समुदाय आदीबासी जनजाती महिला दलित तथा उक्त वन क्षेत्रमा आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानिय जनतालई सुझाव दिनको लागी गाउँपालिका स्तरमा एक वन परिषद गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने स्थानिय वन परिषदमा देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरु रहनेछन ।

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख) वन तथा वातावरण समितिको अध्यक्ष - सदस्य

ग) अध्यक्षबाट मनोनित गाउँसभाका एक जना महिला सहित दुई जना सदस्य -सदस्य

घ) सामुदायिक वन उपभोक्ता महासंघको अध्यक्ष - सदस्य

ङ) आदीबासी जनजाती महासंघको अध्यक्ष वा निजले तोकेको सदस्य - सदस्य

च) दलित अधिकारको क्षेत्रमा कार्य गर्ने दलित अधिकारकर्मी एक जना - सदस्य

छ) स्थानिय सहकारी संस्थाको अध्यक्ष मध्येबाट एक जना - सदस्य

ज) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहित सँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको कम्तिमा एकजना महिला सहित दुई जना- सदस्य

झ) वन वातावरण तथा विपद व्यवस्थापन शाखाको प्रमुख - सदस्य सचिव

(३) गाउँ कार्यपालिकाले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरुबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनित गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम गठन हुने वन परिषदमा महिलाको प्रतिनिधित्व कम्तिमा ३३ प्रतिशत हुनुपर्नेछ।

(५) पदेन सदस्य बाहेक उपदफा (२) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र कार्यसम्पादन स्तर सन्तोषजनक भएमा निजहरु एक अवधीको लागी पुन मनोनित हुन सक्नेछन ।

(६) परिषदले परिषदको काम कारवाहीलाई व्यवस्थित गर्ने प्रयोजनको लागी वन तथा वातावरण विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

५८ परिषदको काम कर्तव्य र अधिकार : १ परिषदको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन जल जमिन जंगल वन्यजन्तु खनिज जैविक विविधताको संरक्षण भोगचलन उपयोग गर्दै आइरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानिय समुदाय

आदीबासी जनजाती महिला दलित तथा उक्त वनक्षेत्रमा आश्रित एवं लामान्वित तथा वनदेखि टाढाका समुदायको वनमाथीको पहुँच स्वामित्व प्रतिनिधित्व लाभको बाँडफाँड समेतमा अग्राधिकार सहितको वन सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सुचना प्रचार प्रसार गर्ने गराउने तथा वन अधिकार लगायतका विषयमा स्थानिय सरकारलाई सुझाव दिने ।

ख) वन सम्बन्धी हकहित र अधिकारको संरक्षण सम्बन्धी स्थानिय प्रादेशिक तथा संघिय सुचनाहरु अद्यावधिक गर्ने गराउने ।

ग) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन जल जमिन जंगल वन्यजन्तु खनिज जैविक विविधताको संरक्षण भोगचलन उपयोग गर्दै आइरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानिय समुदाय आदीबासी जनजाती महिला दलित तथा उक्त वनक्षेत्रमा आश्रित एवं लामान्वित तथा वनदेखि टाढाका समुदायको वनमाथीको पहुँच स्वामित्व प्रतिनिधित्व लाभको बाँडफाँड सम्बन्धमा अनुगमन गर्ने गराउने तथा देखिएका त्रुटीहरुको सम्बन्धमा स्थानिय सरकारलाई सुझाव दिने ।

घ) सामुदायिक वनहरु विच समन्वय गरेर स्थानिय आपूर्ति प्राकृतिक प्रकोपलाई सर्वसुलभ बनाउनका लागी वन पैदावार बिक्री डिपो स्थापना तथा संचालन गर्ने ।

ङ) अन्तर स्थानिय सरकारहरु विच वन पैदावार आपूर्ति व्यवस्थाको लागी आवश्यक समन्वय गर्ने ।

च) वन उपभोक्ता समहुद्धारा संचालित कार्यक्रमहरुको अनुगमन निरिक्षण पृष्ठपोषण तथा स्थानिय सरकारलाई प्रतिवेदन गर्ने ।

छ) स्थानिय जैविक विविधताको अभिलेखिकरण गर्ने विवरण अद्यावधिक गर्ने तथा वन सम्बन्धमा हुने अध्यन अनुसन्धानमा आवश्यक सहयोग एवं समन्वय गर्ने ।

५९ परिषदको बैठक सम्बन्धी व्यवस्था : परिषदको बैठकको कार्यविधि देहाय बमोजिम रहेको छ ।

क) परिषदको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

ख) परिषदको सम्पुर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा मात्र बैठकका लागी गणपुरक संख्या पुगेको मानिनेछ ।

ग) परिषदको बैठकको अध्यक्षता परिषदको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

घ) परिषदको बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गरिनेछ ।

ङ) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आँफैले तोके बमोजिम हुनेछ ।

**६०. वन वातावरण तथा विपद व्यवस्थापन शाखाले वनसम्बन्धी कार्य गर्न सक्ने** (१) गाउँपालिकामा रहने वन वातावरण तथा विपद व्यवस्थापन शाखाले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक मानव स्रोतको व्यवस्था गरी वनका विषयमा आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) वन वातावरण तथा विपद व्यवस्थापन शाखाले वनसम्बन्धी कार्य सञ्चालन गर्दा गाउँपालिकामा रहेको विषयगत समितिसँग सहकार्य र समन्वय गर्नुपर्नेछ ।

**६१. वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) गाउपालिकाले नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ञ) र दफा ११ (४) (ङ) मा उल्लिखित वन, वन्यजन्तु, जैविक विविधता र वातावरणसम्बन्धी कार्यहरु गर्नको लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, सरोकारवाला संघ संस्था तथा नागरिक समाज र निजी क्षेत्रसँग समेत समन्वय, परामर्श र सहकार्य गरी पालिका स्तरको पञ्चवर्षिय तथा दिर्घकालिन बन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने छ ।

(२) गाउँपालिकाले वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा उपभोक्तासमूह र सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल मार्फत सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(३) गाउँपालिकाले आफ्नो बन योजना कार्यान्वनका क्रममा बन उपभोक्ता समूहको क्षमता विकास, सामुदायिक बनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन, बन उद्यम तथा पर्यापर्यटन विकास लगायतका कार्यहरुको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गर्नुपर्नेछ ।

## परिच्छेद १२

## विविध

**६२. वन क्षेत्रमा प्रवेश नियमनः** (१) वन संरक्षणको दृष्टिकोणले संवेदनशिल देखिएमा गाउँपालिका र सम्बन्धित बन उपभोक्ता समुहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित वन क्षेत्रमा निश्चित समयका लागि प्रवेश नियन्त्रण तथा निषेध गर्न सक्ने छ ।

(२) सामुदायिक वन बाहेकका वन क्षेत्रमा निश्चित समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सो सम्बन्धी व्यवस्था वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ र डिभजन वन कार्यालयले वन क्षेत्रमा प्रवेश निषेधसम्बन्धी निर्णय गर्दा गाउँपालिकासंग आवश्यक समन्वय तथा परामर्श गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम वन क्षेत्रमा प्रवेश निषेध गर्दा परम्परागत रुपमा उपयोग गर्दै आएको बाटो, पानी (खानेपानी, सिंचाइ, पानीघट्ट) र धार्मिक तथा सांस्कृतिक क्षेत्रको नियमित उपयोगमा प्रतिबन्ध लगाउन पाइने छैन ।

६३ हकको प्रमाण नपुग भएसम्म काठ गाउँपालिकाको ठहर्ने : (१) कसैले आफ्नो हक प्रमाण नपुर्याएसम्म वेवारिसे वा दरिया बुर्दि काठको स्वामित्व गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको काठ गाउँपालिकाले सुरक्षित स्थानमा घाटगद्दी गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम हुने काठको व्यवस्थापन प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ

६४ हानिकारक वन्यजन्तुको व्यवस्थापन : हानीकारक वन्यजन्तुको व्यवस्थापन प्रचलित संघिय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।

६५ खोटो संकलन सम्बन्धी व्यवस्था : (१) सबै प्रकारका राष्ट्रिय वनबाट स्वीकृत वन कार्ययोजना बमोजिम सल्लाको खोटो संकलन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको खोटो संकलन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६५.सामाजिक प्रयोजनका लागि वन पैदावारको आपूर्ति** : गाउँपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, विपद प्रभावित नागरिकको निजी आवास निर्माण ,दाह संस्कार, विपन्न वर्गको घरगोठ निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा गाउँपालिकाले सम्बन्धित वन उपभोक्ता समूह वा निजी वनवालालाई न्यूनतम् शुल्क लिई उल्लेखित प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्नका लागि अनुमती प्रदान गर्न सक्नेछ ।

**६६.वेवारिसे वा दरियावुर्वी काठबाट प्राप्त लाभको बाँडफाँड** : वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम गाउँपालिकाको क्षेत्रबाट संकलित वेवारिस वा दरियावुर्दी काठबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा आम्दानी बाँध्नु पर्नेछ ।

**६७. अन्तरस्थानीय तहमा फैलिएको वन व्यवस्थापन** : गाउँपालिका र छिमेकी गाउँ/नगरपालिका बीच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तरस्थानीय तह वन समन्वय समिति गठन गरी त्यस्ता वनहरुको सामुदायिक बनका माध्यमबाट दिगो संरक्षण र व्यवस्थापनका लागि सहजीकरण गरिनेछ ।

**६८. वनसम्बन्धी अध्ययन अनुसन्धान र अभिलेखः** (१) गाउँपालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुच्याउने योजना तर्जुमा गर्न सकिनेछ ।वन तथा वनस्पती सम्बन्धी अध्यन अनुसन्धानका लागी वन विज्ञान अध्यन संस्थान लगायतका विशिष्टकृत संस्थाहरु सँग गाउँपालिकाले आवश्यक सहकार्य गर्न सक्नेछ।

६९ पुरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री ओसारपसार सम्बन्ध व्यवस्था : (१) कसैले निजी स्वामित्वको जग्गामा रहेको पुरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री अन्यत्र लैजान चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँपालिकाको स्वीकृती लिई स्थानान्तरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले स्वीकृती दिँदा स्थानान्तरण गरिने काठ वा काठजन्य सामग्रीको नाप र परिमाण सहितको लगत प्रमाणित गर्नुपर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनी पुरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री बिक्री गर्नुपरेमा गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क तिरी बिक्री गर्न सकिनेछ ।

स्पष्टिकरण : यस दफाको प्रयोजनको लागी पुरानो घरगोठमा प्रयोग भएको काठ भन्नाले कम्तिमा दश वर्ष पुरानो घरगोठमा प्रयोग भएको काठलाई सम्झनुपर्दछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको वन पैदावार तथा जैविक विविधता र वन्यजन्तु तथा यी विषयसँग सम्बन्धित परम्परागत ज्ञान र अभ्यासहरुको अभिलेख अध्यावधिक गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यमबाट व्यवस्थित गरी समुदाय तथा सरोकारवालाको पहुँच कायम राख्नु पर्नेछ ।

**७०. पुरस्कारसम्बन्धी व्यवस्थाः** वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने समुदाय, व्यक्ति वा संस्थालाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्ने छ ।

**६६. अधिकार प्रत्यायोजन** : स्थानिय सरकार प्रमुख वा परिषदको अध्यक्षले यस ऐन बमोजिम आँफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केहि अधिकार यस ऐन बमोजिम स्थानिय सरकारले तोकेको व्यक्ति वा विषयगत समिति वा अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७१ असल नियतले गरेको कामको बचाउ:** वन उपभोक्ता समुह समिति वा गाउँपालिकाको कुनै कर्मचारी यस ऐन वा यस ऐन अन्तर्गत नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रुपले जवाफदेही हुनेछैन ।

**७२. नियम, निर्देशिका कार्यविधि र मार्गदर्शन बनाउन सक्नेः** यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने छ ।

**७३. खारेजी र बचाउ** (१) यो ऐन बन्नु अघि अन्य ऐन नियम तथा कार्यविधि बमोजिम भए गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरु संग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु स्वत अमान्य हुनेछन।

**आज्ञाले,**
**बाबुराम पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**